
# बर्दिया शीतलहर आकस्मिक योजना, २०८०

# (Bardiya Cold wave Contingency Plan, 2023)










## जिल्ला विपद् व्यवस्थापन समिति, बर्दिया

( मिति २०८० कार्तिक १९ गतेको बैठकको निर्णय बमोजिम)

# BARDIYA

**No. of House of Representative Constituency: 2**
**No. of Provincial Constituency : 4**




**Legend**

- International Boundary
- Province Boundary
- District Boundary
- House of Representative Boundary
- Provincial Constituency Boundary
- Palika Boundary
- Ward Boundary
- Sanskritik Area
- National Park/Wildlife Reserve/Hunting Area/Watershed Area

0 3.25 6.5 13 19.5 26 Km

Spatial Data Source : Survey Department
Population Data Source : Population Census 2011, CBS
Government of Nepal

Note:
1 in 1(1) indicates **House of Representative Constituency Number** and (1) indicates **Province Constituency Number** within the House of Representative Constituency Number and likewise.

Prepared By : Electoral Constituency Delineation Commission (ECDC), 2074




**दस्तावेजः** **बर्दिया शीतलहर आकस्मिक योजना, २०८०**
**(Bardiya Cold wave Contingency Plan, 2023)**

**प्रकाशकः** जिल्ला विपद् व्यवस्थापन समिति, बर्दिया

**प्रकाशन मितिः** २०८० कार्तिक

**सर्वाधिकारः** ©प्रकाशकमा

**आर्थिक तथा प्राविधिक सहयोगः**

**सल्लाहकारः** श्री नारायण प्रसाद रिसाल, प्रमुख जिल्ला अधिकारी, बर्दिया

**सम्पादक मण्डलः**

श्री मोहन प्रसाद अर्याल, सहायक प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, बर्दिया
श्री लोक प्रसाद ढकाल, प्रशासकीय अधिकृत/विपद फोकल पर्सन, जिल्ला प्रशासन कार्यालय, बर्दिया
श्री बिमल गुरुङ, प्रशासकीय अधिकृत, जिल्ला प्रशासन कार्यालय, बर्दिया

**कम्प्यूटरः** श्री गंगाराम अधिकारी, कम्प्यूटर अपरेटर, जिल्ला प्रशासन कार्यालय, बर्दिया

**जोखिम नंक्शांकनः** गुलरिया, मधुवन, राजापुर, ठाकुरबाबा, बाँसगढी र बारबर्दिया नगरपालिका तथा बढैयाताल र गेरुवा गाउँपालिका

**प्राविधिक सहयोग तथा सहजीकरणः**

# शब्द सक्षेंप :

| | | |
|---|---|---|
| १ | जि.वि ब्य.स.<br>DDMC | जिल्ला विपद् व्यवस्थापन समिति<br>District Disaster Management Committee |
| २ | जि.स.स | जिल्ला समन्वय समिति |
| ३ | प्र.जि.अ. | प्रमुख जिल्ला अधिकारी |
| ४ | न.पा. | नगरपालिका |
| ५ | गा.पा. | गाउँपालिका |
| ६ | स्वा.का. | स्वास्थ्य कार्यालय |
| ७ | प.से.का. | पशु सेवा शाखा |
| ८ | ने.रे.सो. | नेपाल रेडक्रस सोसाइटी |
| ९ | ने.से. | नेपाली सेना |
| १० | सं.प्र. | संघीय प्रहरी |
| ११ | प्र.प्र. | प्रदेश प्रहरी |
| १२ | न.प्र. | नगर प्रहरी |
| १३ | स.प्र.ब.ने. | शसस्त्र प्रहरी बल नेपाल |
| १४ | म.बा.शा. | महिला तथा बालबालिका शाखा |
| १५ | जि.स.अ. | जिल्ला समन्वय अधिकारी |
| १६ | डि.व.का. | डिभिजन वन कार्यालय |
| १७ | ज.उ.प्र.नि.बि. | जल उत्पन्न प्रकोप नियन्त्रण बिभाग |
| १८ | रा/अ.गै.स.स. | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था |
| १९ | स्था.आ.का.का.सं.के.<br>LEOC | स्थानीय आपतकालीन कार्यसञ्चालन केन्द्र<br>Local Emergency Operation Center |
| २० | जि.आ.का.का.सं.के.<br>DEOC | जिल्ला आपतकालीन कार्यसञ्चालन केन्द्र<br>District Emergency Operation Center |
| २१ | रा.आ.का.का.सं.के.<br>NEOC | राष्ट्रिय आपतकालीन कार्यसञ्चालन केन्द्र<br>National  Emergency OperationCenter |
| २२ | उ.वा.सं | उद्योग वाणिज्य संघ |
| २३ | ने.प.म.सं. | नेपाल पत्रकार महासंघ |
| २४ | रा.द. | राजनैतिक दल |
| २५ | DLSA<br>जि.अ.स.नि | District Lead Support Agency<br>जिल्ला अगुवा सहयोगी निकाय |
| २६ | UNICEF | United Nations International Children’s Emergency Fund |
| २७ | SC | Save the children |
| २८ | D-WASH CC | District Water and Sanitation and Hygiene Coordination Committee |
| २९ | NRCS | Nepal Red Cross Society |
| ३० | KMJS | Kamaiya Mahila Jagaran Samaj |
| ३१ | LDCRC | Local Disaster Climate and Resilient Committee |
| ३२ | LDCRP | Local Disaster Climate and Resilient Plan |

# बिषय-सूची


१. पृष्ठभूमीः ..........................................................................................१

२. उद्देश्यः ..........................................................................................१

३. प्रस्तावना..........................................................................................२

४. जिल्लामा शीतलहरका घटनाहरु..........................................................२

५. कार्य सञ्चालनको सन्दर्भः....................................................................२

६.विपद् परिदृश्य तथा योजना अवधारणाहरु...............................................३

७. समन्वय तथा जिम्मेवारी ...................................................................... ४

८. पूर्वतयारी प्राथमिकता.............................................................................५

९. न्यूनतम तापक्रमको इतिहास ...................................................................५

१०. जनशक्ति परिचालन हुने क्षमता...............................................................७

११. स्वास्थ्य स्वास्थ्य कार्यालय तथा केन्द्रहरुको विवरण....................................७

१२. राहत सामाग्री......................................................................................... ८

१३. संरचनागत संयन्त्र.................................................................................९

१४. निकायगत भूमिका तथा जिम्मेवारी ........................................................ १६

१५. प्रतिकार्य विवरण.................................................................................१७

१६. विषयगत क्षेत्रका अगुवा तथा सदस्य विवरण...........................................१८

१७. रणनीतिक कार्ययोजना......................................................................... २१

१८. अनुगमन तथा मूल्याङ्कन.......................................................................२४

१९. अन्य व्यवस्थापन तथा प्रतिक्रिया संयन्त्रले निर्धारण गर्न सक्ने........................२४

२०. शीतलहरबाट जोखिम न्यूनीकरण गर्ने सूचनामूलक सन्देशहरु..........................२४

अनुसूची-१ जिल्ला विपद् व्यवस्थापन समितिका पदाधिकारीहरुको विवरणः............................ २६

अनुसूची-२ जिल्लामा संचालनमा रहेका एम्बुलेन्सहरुको विवरणः............................................. २७

अनुसूची-३ जिल्लामा संचालनमा रहेका शववाहनहरुको विवरणः............................................. २८

अनुसूची-४ जिल्लास्थित स्थानीय तहका स्वास्थ्य शाखा प्रमुखहरुको विवरणः................................ २८

अनुसूची-५ जिल्लामा संचालनमा रहेका दमकलहरुको विवरणः................................................. २९

अनुसूची-६ विपद् सम्बन्धी जानकारी दिने कार्यालयको लिङ्कहरु................................................ ३०

# बर्दिया शीतलहर आकस्मिक योजना, २०८०

## १. पृष्ठभूमीः

नेपाल निरन्तर दोहोरिरहने बहु-प्रकोपका घटनाहरुबाट उत्पन्न विपद्को अत्यधिक जोखिममा रहेको मूलुक हो। यहाँ प्रत्येक वर्ष बाढी, पहिरो, चटयाङ्ग, आगलागी, सडक दुर्घटना तथा महामारी जस्ता प्राकृतिक र गैर प्राकृतिक प्रकोपहरुले जनधनको ठूलो क्षति तथा नोक्सानी हुने गरेको छ । मूलुकको विषम भू-बनावट, कमजोर भौगर्भिक अवस्था, मौसमी विषमता तथा जलवायु परिवर्तनका कारण भूकम्प, बाढी, पहिरो तथा भू-स्खलन, डुबान, चटयाङ, खडेरी, हिमपात, असिना, हिमपहिरो, हिमताल विष्फोटन, अतिवृष्टि, अनावृष्टि, हुरी बतास, शीतलहर, तातो हावाको लहर, लगायतका प्राकृतिक प्रकोपहरुबाट नेपाल प्रभावित छ ।त्यसै गरी नेपाल सडक दुर्घटना, महामारी, अनिकाल, कीट वा सूक्ष्म जीवाणु आतंक, पशु तथा चराचुरुङ्गीमा हुने फ्लू, प्यान्डामिक फ्लु जस्ता विश्वव्यापीकरण हुनसक्ने महामारी, सर्पदंश, जनावर आतंक, खानी, हवाई, जल वा औद्योगिक दुर्घटना, आगलागी, विषाक्त ग्याँस, वन डढेलो, रसायन वा विकीरण चुहावट, ग्याँस विष्फोटन, विषाक्त खाद्य सेवन, वातावरणीय प्रदुषण, वन विनास वा भौतिक संरचनाको क्षति तथा प्रकोप उद्धार कार्यमा हुने दुर्घटना लगायतका गैरप्राकृतिक प्रकोपबाट समेत प्रभावित छ ।

नेपालको तराई भू-भागमा जाडोको समयमा हुने शितलहर तथा अत्याधिक चिसोको कारणले नकारात्मक प्रभाव पार्ने गरेको छ। मुख्यत: वर्षको पुष महिना देखि मध्य माघ महिना सम्ममा हुने चिसोको कारण तराईको हजारौ मानिसहरु प्रभावित हुने गर्दछन्। चिसो र शितलहरको नकरात्मक प्रभावस्वरुप स्वास प्रस्वास, रुघाखोकी, निमोनियाजस्ता स्वास्थ्य सम्बन्धी समस्याबाट धेरै मानिसहरु विरामी पर्ने तथा केही व्यक्तिको मृत्यु समेत हुने गरेको छ। साथै पशुपंछि र अन्नबालीमा समेत शितलहरका कारण नकारात्मक प्रभाव पर्ने गरेको छ। जाडोमा विशेष गरी बालबालिका, जेष्ठ नागरिक, सुत्केरी, गर्भवती तथा विभिन्न प्रकोपबाट प्रभावित भई अस्थाई आवासमा रहेको परिवारहरु समेतलाई प्रत्यक्ष प्रभाव पर्न सक्ने भएकाले उक्त जोखिमलाई न्यूनीकरण गर्न, आवश्यक श्रोत साधनको पूर्व प्रबन्ध गर्न, सचेतना अभिवृद्धि गर्न, शीतलहर प्रभावित परिवारलाई पुर्याउने उद्धार तथा राहतको कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउनका लागि यो आकस्मिक कार्य योजना, २०८० जिल्ला विपद् व्यवस्थापन समिति, बर्दियाले निर्माण गरेको छ ।

## २. उद्देश्यः

क. शीतलहरबाट हुन सक्ने क्षतिलाई न्यूनीकरण गरी सिमित श्रोत र साधनको अधिकतम प्रयोग मार्फत जिल्ला विपद् व्यवस्थापन समितिबाट गरिने प्रतिकार्यलाई शीघ्र, उपयुक्त र प्रभावकारी बनाउनु ।

ख. विपद्को समयमा प्रभावकारी ढङ्गले प्रतिकार्यमा सहभागी हुने पद्धती, संरचनाहरु बनाउने तथा आवश्यक तयारी गर्नु।

ग. श्रोतसाधन र जनशक्तिको अभावमा पनि स्थानीय तह तथा सरोकारवालाहरु संग समन्वयम मार्फत प्रभावकारी प्रतिकार्य गर्नु।

घ. आपत्कालीन प्रतिकार्यका लागि जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय तहमा गठित स्थानीय विपद् व्यवस्थापन समिति लगायत सबै तहका संरचनाहरुलाई चलायमान बनाई राख्नु।

ङ. चिसो मौसमका बखत नेपाल सरकारले तोकेका स्वास्थ्य सुरक्षाका मापदण्डलाई पूर्णरुपमा पालना गराउनु ।

# ३. प्रस्तावना

यस दस्ताबेजले जिल्ला विपद् व्यवस्थापन समिति बर्दिया र जिल्लास्थित स्थानीय तहले विपद्को समयमा पूरा गर्नुपर्ने कार्यहरुको व्यावहारिक चित्र प्रदान गर्ने प्रयास गरेको छ । यो एउटा साधारण योजना हो, जुन शीतलहरको समयमा प्रयोग गर्न सकिन्छ। यस योजनामा प्रतिकार्य योजना पूरा गर्नका लागि अपनाइने चरणहरुको विस्तृत रुपमा ब्याख्या गरिएको छ।

# ४. जिल्लामा शीतलहरका घटनाहरु

तराईका जिल्लाहरूमा हिउँदको महिना खासगरी मंसिर देखि माघ सम्म बाक्लो हुस्सु लाग्ने र अत्यधिक चिसो हुने गर्दछ । बालबालिका, बृद्धबृद्धा र विपन्नन परिवारहरु शीतलहरको उच्च जोखिममा रहेका हुन्छन् भने बाक्लो हुस्सु लाग्ने अवस्थामा अत्याधिक सडक दुर्घटना हुने गरेको छ ।बर्दिया जिल्लामा विगत लामो समय देखि जाडो याममा जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय तह, नेपाल रेडक्रस सोसाइटी तथा अन्य गैरसरकारी संस्थाहरुले वढि प्रभावित क्षेत्र तथा चोक चोकमा आगो बाल्नका लागि दाउरा सहयोग गर्दै आएको छ भने आवश्यकता हेरी जोखिममा रहेका नागरिकहरुलाई न्यानो कपडा तथा कम्मल वितरण समेत गरेको छ । यस वर्ष पनि लगभग ६,५०० घरपरिवार जाडोबाट प्रभावित हुनसक्ने आँकलन गरिएको छ ।

# ५. कार्य सञ्चालनको सन्दर्भः

## ५.१ शीतलहरबाट प्रभावित हुन सक्ने क्षेत्रहरुः

यस जिल्लामा गुलरिया नगरपालिका, बारबर्दिया नगरपालिका, बाँसगढी नगरपालिका, राजापुर नगरपालिका, बढैयाताल गाउँपालिका, मधुवन नगरपालिका, ठाकुरबाबा नगरपालिका र गेरुवा गाउँपालिका शितलहरबाट क्रमशः बढी प्रभावित देखि न्यून प्रभावित स्थानीय तह हुन्। प्रस्तुत तथ्याङ्क विशेष गरी बालबालिका, जेष्ठ नागरिक, सुत्केरी, गर्भवती, तथा बाढी/डुबानबाट पूर्ण प्रभावित भएका परिवारहरुको आधारमा रहेको छ ।

| बर्दिया जिल्लाको घरधुरी तथा जनसंख्याको विवरण | | | | | प्रभावस्तर | | |
|---|---|---|---|---|---|---|---|
| स्थानीय तहको नाम | वडा संख्या | जनसंख्या | क्षेत्रफल (वर्ग कि.मी.) | परिवार संख्या | उच्च | मध्यम | न्यून |
| गुलरिया नगरपालिका | १२ | ७४५०५ | ११८.२१ | १६००२ | २३८४ | ३०५५ | ४४७० |

| बर्दिया जिल्लाको घरधुरी तथा जनसंख्याको विवरण | | | | | प्रभावस्तर | | |
|---|---|---|---|---|---|---|---|
| स्थानीय तहको नाम | वडा संख्या | जनसंख्या | क्षेत्रफल (वर्ग कि.मी.) | परिवार संख्या | उच्च | मध्यम | न्यून |
| मधुवन नगरपालिका | ९ | ५०७३९ | १२९.७३ | १२४४४ | १६२४ | २०८० | ३०४४ |
| राजापुर नगरपालिका | १० | ६०८३१ | १२७.०८ | १३६५९ | १९४७ | २४९४ | ३६५० |
| ठाकुरबाबा नगरपालिका | ९ | ४९४२० | १०४.५७ | ११४६९ | १५८१ | २०२६ | २९६५ |
| बाँसगढी नगरपालिका | ९ | ६२२५२ | २०६.०८ | १५०९१ | १९९२ | २५५२ | ३७३५ |
| बारबर्दिया नगरपालिका | ११ | ५२५३३ | २२६.०९ | १६८९७ | १६८१ | २१५४ | ३१५२ |
| बढैयाताल गाउँपालिका | ९ | ५२८१८ | ११५.१९ | १२९६१ | १६९० | २१६६ | ३१६९ |
| गेरुवा गाउँपालिका | ६ | ३३५१४ | ७८.४१ | ७७६२ | १०७२ | १३७४ | २०११ |

## ५.२ पहुँच

बर्दिया जिल्लामा बिगतका अनुभव अनुसार शीतलहरको समयमा एक ठाउँ देखि अर्को ठाँउमा यात्रामा कठिन कुनका साथै विभिन्न जोखिम पनि हुने गरेको पाइएको छ ।

क. शीतलहरको समयमा जिल्लाका सबैजसो स्थानहरुमा बाक्लो हुस्सु तथा शीतलहरका कारण दृश्यता (Visibility) कमी भई सडक दुर्घटनाको जोखिम हुने भएकाले यातायातको साधान प्रयोग गर्दा त्रास हुने गरेको छ।

ख. अत्याधिक चिसोको कारण घर देखि बाहिर निस्कन समस्या पर्ने गरेको छ।

ग. चिसोमा वातावरण प्रदुषण हुने र रुघाखोजी लगायतका सरुवा रोगका कारण विरामीहरुको संख्या बढ्ने गरेको छ।

घ. विपद् व्यवस्थापनका लागि जिल्ला सदरमुकामबाट स्थानीय तहको मुकामसम्म पुग्न छोटो दुरीको सडक/पुल विग्रिएका कारण लामो दुरी पार गर्नुपर्ने हुँदा शीघ्र व्यवस्थापन गर्न कठिन हुने गरेको छ।

# ६.विपद् परिदृश्य तथा योजना अवधारणाहरु

विभिन्न प्रकारका प्रकोपबाट उत्पन्न हुने विपद्बाट प्रभावित जिल्लाको सूचीमा बर्दिया पनि रहेको छ। जिल्लामा हरेक वर्ष बाढी, डुबान, आगलागी, शीतलहर, हावाहुरी, मानव वन्यजन्तु द्वन्द र सडक दुर्घटना जस्ता विपद्का कारण जनधनको क्षति हुने गरेको छ । जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, २०८० मा प्रयोग स्तरीकरण गर्दा ७ स्थानमा रहेको शीतलहर तथा नियमित भइरहने विपद्को समयमा मानवीय सहायतालाई प्रभावकारी रुपमा अघि बढाउन आवश्यक छ। जिल्लामा विपद्को सामना गर्ने क्षमता अभिवृद्धिका विभिन्न कार्यक्रम र योजनामध्ये आपत्कालिन समयमा मानव जीवनको रक्षा र महत्वपूर्ण सम्पत्तिको संरक्षण गर्ने उद्देश्यका लागि जिल्ला विपद् व्यवस्थापन समिति बर्दियाले हरेक वर्ष शीतलहर आकस्मिक योजना (Cold Wave Contingency Plan) तयार गरी जिल्लाका महत्वपूर्ण दस्तावेजको रुपमा स्वामित्व ग्रहण गरेको छ ।

विपद्को समयमा विपद् प्रभावितको जीवन र बहुमूल्य सम्पत्तिको संरक्षण तथा सुरक्षा गरी मानिस माथि पर्ने प्रतिकूल प्रभावको सामना गर्न बर्दिया जिल्लाको साधन स्रोतको अधिकतम उपयोग गर्दै प्रभावित समुदायलाई व्यवस्थित, प्रभावकारी र जवाफदेहीयुक्त तरिकाले मानवीय सहयोग उपलब्ध गराउनु तथा विपद् जोखिम न्यूनीकरणका कार्यलाई संस्थागत रूपमा प्रवर्द्धन गर्नु यस योजनाको मूल उद्देश्य रहेको छ ।

## ७. समन्वय तथा जिम्मेवारी

क. जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनामा उल्लेख भए बमोजिमका क्षेत्रमा सम्बन्धित सबैले कार्ययोजना तयार पारी शीतलहरको पूर्वतयारी तथा प्रतिकार्यमा तयार रहने।

ख. शीतलहर तथा चिसोबाट प्रभावित वस्तीहरु, समूहहरु तथा व्यक्तिहरु पहिचान गर्नका प्र.जि.अ.,नगर प्रमुख/अध्यक्ष, प्र.प्र.अ., विषयगत कार्यालय प्रमुख, सरोकारवाला निकायबाट तोकिएको व्यक्तिहरुले शीघ्रातिशीघ्र त्यस्ता वस्तीहरु भ्रमण गर्ने तथा पहिचान गर्ने कार्य गर्नुपर्ने।

ग. प्रथमतः अति विपन्न बस्तीको र त्यसपछि विपन्न परिवारको पहिचान गरी तिनलाई राहत स्वरुप कम्बल तथा सामूहिक राहत स्वरुप चोक वा टोलमा सामूहिकरुपमा दाउराहरु बाल्ने तथा तातो हुने अन्य प्रबन्धहरु मिलाउने तथा मिलाउन लगाउनु पर्नेछ।

घ. शीतलहर प्रभावितहरूलाई विना भेदभाव राहत उपलव्ध गराउने र सो क्रममा विशेषगरी बालबालिका, जेष्ठनागरिक, शारीरिक रुपमा अशक्त, सुत्केरी तथा गर्भवती महिलालाई प्राथमिकता दिने।

ङ. शीतलहरको प्रभावबाट सुरक्षीत राख्ने उपायहरुको सम्बन्धमा स्थानीय विपद् व्यवस्थापन सम्बन्धी कार्य गर्ने सबै सरकारी तथा गैरसरकारी संघ संस्थाहरु समेतलाई जोखिम न्यूनीकरण गर्नको लागि अनुरोध गर्ने।

च. विपद्को समयमा नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह, दातृ निकाय, सबै क्षेत्र, सहयोगी संस्था तथा नागरिक समाज बीच समन्वय कायम गर्ने।

छ. नियमित रूपमा अनुगमन गरी सबै विषयगत क्षेत्रहरूलाई परिचालन गर्ने र पृष्ठपोषण दिने।

ज. शीतलहरबाट बढी प्रभावित हुन सक्ने क्षेत्र, गाउँ, टोल, परिवारहरुको पहिचान गरी राहत तथा उद्धारको लागि सबै सरोकारवाला निकायहरुलाई दाउरा, कम्बल, न्यानो कपडा जस्ता सामाग्रीहरुको पूर्व प्रबन्ध गरी तयारी अवस्थामा राख्ने र राख्न लगाउने ।

झ. जल तथा मौसम विज्ञान विभागले जारी गर्ने ३ दिने बुलेटिन अनुसार पूर्वतयारीका गतिविधि सञ्चालनमा जोड दिने।

ञ. जाडोयाममा हुन सक्ने स्वास्थ्य सम्बन्धी समस्यालाई न्यूनीकरण गर्न जनचेतनामूलक कार्यक्रम संचालन गर्नुका साथै स्वास्थ्यकर्मी तथा औषधीहरु तयारी अवस्थामा राख्ने व्यवस्था मिलाउने ।

ट. शीतलहरबाट सुरक्षित रहनका लागि तपसिल बमोजिमका सचेतनामूलक, सन्देशमूलक सूचना एवम् जानकारी स्थानीय संचार माध्यम मार्फत स्थानीय भाषामा समेत प्रशारण गर्न स्थानीय संचार माध्यम तथा स्थानीय गैरसरकारी निकायबाट प्रचार प्रसार गर्ने व्यवस्था मिलाउने।

ठ. शीतलहरका समयमा हुस्सुका कारण भिजिविलिटीमा कम हुन गई सवारी साधन दुर्घटना हुन सक्ने हुँदा स्थानीय ट्राफिक प्रहरीको सकृयतामा सवारी साधनको गति सिमितताको अनुगमनको कार्य गर्ने।

ड. शीतलहर तथा जाडोयाममा समयमै पुर्वसूचना समुदायस्तरमा पुर्याउन जल तथा मैसम विभागको बुलेटिन अनुसारको सूचना सम्प्रेशण गरी पुर्वानुमानका आधारमा गतिविधि सञ्चालन गर्ने।

## ८. पूर्वतयारी प्राथमिकता

क. विपद्संग सम्बन्धीत सरोकारवाला निकायहरुसंग समन्वय बैठक गर्ने ।

ख. सबै स्थानीय तहका विपद् व्यवस्थापन समितिहरुले जनचेतनामूलक कार्य गर्ने।

ग. सबै स्थानीय तहका विपद् व्यवस्थापन समितिहरुमा शीतलहर पूर्वतयारीका लागि रणनीतिक योजना तयार गर्ने।

घ. स्थानीय तहका संकटासन्न क्षेत्रको नक्सांकन गर्ने।

ङ. विषयगत समितिहरुको नियमित बैठक गर्ने र आवश्यकताको आधारमा खाडल पहिचान गरी सोको परिपूर्तिको लागि तत्काले कार्यान्वयन गर्ने।

च. जिल्लामा विपदको समयमा प्रयाप्त न्यानो कपडा सेट व्यवस्थापनका लागि सरोकारवाला निकायमा समन्वय गर्ने।

छ. सबै स्थानीय तह तथा सोरोकारवाला निकायसंग समन्वय गरी आवश्यक पर्ने दाउरा जोहो गरी राख्ने र न्यानो रहनका लागि टोल टोलमा दाउरा बाल्ने स्थानको निर्कोल गरी जोखिमलाई कम गर्ने गरी नेपाल सरकारले तोकेका स्वास्थ्य सुरक्षाका मापदण्ड अनुसार आगो ताप्ने व्यवस्था मिलाउने।


ज. स्थानीय एफ.एम.हरु र वडास्थरमा माइकिङ् मार्फत जनचेतनामूलक सामाग्रीहरु प्रकाशन/प्रसारण गर्ने।

झ. जल तथा मौसम विज्ञान विभागले जारी गर्ने ३ दिने बुलेटिन अनुसार पूर्वतयारी गर्ने।

## ९. न्यूनतम तापक्रमको इतिहास

यस जिल्ला उष्ण तथा उपोष्ण प्रकारको हावापानी रहेको क्षेत्र अन्तर्गत पर्दछ। यहाँ प्रदेशीय हावापानी पाइएता पनि बाह्रौं महिना एकै नासको हावापानी नरहेकोले चैत्र महिनादेखि आश्विन को शुरुवात सम्म गर्मी हुन्छ। आश्विन कार्तिक र फागुनमा यहाँको हावापानी समलशतोष्ण हुन्छ भने मंसिर, पौष र माघमा निकै जाडो हुन्छ। जेष्ठको अन्त्य देखि आश्विनको सुरुसम्म मनसुनी वायुका कारण प्रशस्त वर्षा हुने गर्दछ। गर्मीयाममा यहाँको औसत तापक्रम ४१ डिग्री सेल्सियससम्म पुग्छ भने हिउँदमा औसत ७ डिग्री सेल्सियससम्म पुग्न जान्छ। हालसम्मको मौसम मापनमा बर्दिया जिल्ला रानीजमरा मौसम मापन केन्द्रका अनुसार १९९६ डिसेम्वर महिनामा हालसम्मकै न्यूनतम तापक्रम मापन गरिएको थियो ।

क. **बर्दिया जिल्लाको १२ महिनाको औसत तापक्रम विवरण तलको तालिकामा दिएको छ ।**




*(स्रोत: मौसम पूर्वानुमान प्रभाग)*

**ख. बर्दिया जिल्ला रानिजवरा मौसममापन केन्द्रका अनुसार हालसम्म न्यूनतम तापक्रम भएका वर्षहरु**

बर्दिया जिल्ला एक तराई भुभागमा अवस्थित रहेको जिल्ला हो। यस जिल्लामा विगत १९६५ देखि २०२२ सम्मको १५ वर्षको अन्तराल भित्र डिसेम्बर जनवरी फेब्रुअरी महिनाहरुको न्यूनतम तापक्रम बर्दिया जिल्लामा रहेका मैसममापन केन्द्र चिसापानी रानिजमरा र गुलरियाबाट साभार गरिएको छ । उक्त तथ्याङ्क तालिकामा प्रस्तुत गरिएको छ ।

| बर्ष | डिग्री (न्यनतम तापक्रम) से. | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | चिसापानी | | | रानीजमरा | | | गुलरियाको | | |
| | डिसेम्बर | जनवरी | फेब्रवरी | डिसेम्बर | जनवरी | फेब्रवरी | डिसेम्बर | जनवरी | फेब्रवरी |
| १९६५ | ९ | ९ | १० | - | - | - | - | - | - |
| १९७० | ९ | ९ | ९ | - | - | - | - | - | - |
| १९७५ | ९ | ६ | ९ | २ | ५ | ४ | - | - | - |
| १९८० | ११ | ९ | ७ | ६ | ३ | ४ | - | - | - |
| १९८५ | ९ | ९ | ११ | ७ | - | - | - | - | - |
| १९९० | १० | ७ | ८ | ६ | ३ | ७ | - | - | - |
| १९९५ | १० | ८ | ११ | ६ | ४ | ६ | - | - | - |
| २००० | १० | ९ | १० | ६ | ४ | ५ | - | - | - |
| २००५ | १० | - | - | ५ | ३ | ८ | - | - | - |
| २०१० | ९ | ७ | ८ | ८ | ७ | ९ | ६ | - | - |
| २०१५ | ८ | ८ | १० | ६ | - | - | ३ | ४ | ५ |
| २०१८ | ६ | ६ | १० | १० | ७ | ७ | १ | ३ | ४ |
| २०२० | ७.५ | ७.८ | ११.७ | - | - | - | ४ | ६ | ४ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २०२१ | ९.१ | ७ | ८ | ७.६ | ८.५ | - | ५ | ३.५ | ५.४ |
| २०२२ | ९.१ | ८.२ | ७ | - | ५.२ | ६.४ | ८ | ५.६ | ५.२ |

हालसम्मको बर्दिया जिल्लामा तीनवटा मौसम मापन केन्द्रको अनुसार सन २०१८ को डिसेम्बर महिना हालसम्मकै सबैभन्दा न्यनतम (१° से.) तापक्रम रहेको देखिन्छ। (स्रोत: मौसम पुर्वानुमान माहाशाखा)

## १०. जनशक्ति परिचालन हुने क्षमता

| क्र.स. | निकाय | स्वयम् सेवक | स्वास्थ्यकर्मी | कैफियत |
|---|---|---|---|---|
| १ | जिल्ला प्रहरी कार्यालय | ४५० | ० | |
| २ | सशस्त्र प्रहरी बल नेपाल | ४५० | ० | |
| ३ | नेपाली सेना | ४० | ० | |
| ४ | गुलरिया नगरपालिका | ६० | ३० | |
| ५ | मधुवन नगरपालिका | ४५ | ५० | |
| ६ | राजापुर नगरपालिका | १०० | ६० | |
| ७ | ठाकुरबाबा नगरपालिका | ५० | ४० | |
| ८ | बारबर्दिया नगरपालिका | २२ | ४६ | |
| ९ | बाँसगढी नगरपालिका | २७ | ५५ | |
| १० | गेरुवा गाउँपालिका | १८ | १८ | |
| ११ | वढैयाताल गाँउपालिका | ४५ | २२ | |
| १२ | नेपाल रेडक्रस सोसाइटी शाखा /उपशाखा | १४० | ५ | |
| १३ | विभिन्न संघसंस्था | ५० | ० | |
| **जम्मा** | | **१४९७** | **३२६** | |

## ११. स्वास्थ्य स्वास्थ्य कार्यालय तथा केन्द्रहरुको विवरण

| क्र.स. | स्वास्थ्य कार्यालयको नाम | ठेगाना | प्रमुखको नाम | सम्पर्क नं. |
|---|---|---|---|---|
| १. | बर्दिया अस्पताल | गुलरिया बर्दिया | डा. सुभाष पाण्डेय | ९८५८०३२१७७ |
| २. | स्वास्थ्य कार्यालय बर्दिया | गुलरिया नपा | गोकर्ण गिरी | ९८५८०७००२७ |
| ३. | स्वास्थ्य कार्यालय बर्दिया | गुलरिया नपा | मोहन कुमार शर्मा | ९८४८२९४९२९ |
| ४. | खैरापुर स्वास्थ्य चौकी | गुलरिया नगरपालिका | जनकनाथ योगी | ९८४१०१९८३५ |
| ५. | मथुराहरद्धार स्वास्थ्य चौकी | गुलरिया नगरपालिका | कमल भट्टराई | ९८५८०४६३६५ |
| ६. | मोहमदपुर स्वास्थ्य चौकी | गुलरिया नगरपालिका | नारायण प्रसाद पोखरेल | ९८४८०७९४८९ |
| ७. | पदनाह स्वास्थ्य चौकी | बारबर्दिया नगरपालिका | रमेश पौडेल | ९८६४९६९७०६ |
| ८. | मंगरागडी प्राथमिक स्वास्थ्य केन्द्र | बारबर्दिया नगरपालिका | थीर बहादुर खडका | ९८५८०४८४४४ |
| ९. | वानियाभार स्वास्थ्य चौकी | बारबर्दिया नगरपालिका | मधु ज्ञवाली | ९८४८०२३६५९ |
| १०. | धधवार स्वास्थ्य चौकी | बारबर्दिया नगरपालिका | जंग वहादुर चौधरी | ९८४८०२७६८५ |
| ११. | ढोढरी स्वास्थ्य चौकी | मधुवन नगरपाकिला | ओम बहादुर चुनारा | ९८६८२२०३११ |
| १२. | ताराताल स्वास्थ्य चौकी | मधुवन नगरपाकिला | केशव प्रसाद महतो | ९८४८०३४२९१ |
| १३. | सुर्यपट्वा स्वास्थ्य चौकी | मधुवन नगरपाकिला | पूर्ण वहादुर खत्री | ९८५८०२६२६५ |
| १४. | सानोश्री स्वास्थ्य चौकी | मधुवन नगरपाकिला | टंक प्रसाद गडतौला | ९८५८०५९२६१ |
| १५. | राजापुर प्राथमिक स्वास्थ्य केन्द्र | राजापुर नगरपालिका | डा. भानुभक्त ढकाल | ९८४५६७७८३१ |

| क्र.स. | स्वास्थ्य कार्यालयको नाम | ठेगाना | प्रमुखको नाम | सम्पर्क नं. |
|---|---|---|---|---|
| १६. | भिम्मापुर स्वास्थ्य चौकी | राजापुर नगरपालिका | राजेन्द्र शाह | ९८६३१९९९६१ |
| १७. | वदालपुर स्वास्थ्य चौकी | राजापुर नगरपालिका | तेज वहादुर थारु | ९८६८११४१३ |
| १८. | नयागाउ स्वास्थ्य चौकी | राजापुर नगरपालिका | सुरेश कुमार चौधरी | ९८४८०६६६१० |
| १९. | मानपुरटपरा स्वास्थ्य चौकी | राजापुर नगरपालिका | जानकी चलाउने | ९८४४८३७०८५ |
| २०. | खैरीचन्दनपुर स्वास्थ्य चौकी | राजापुर नगरपालिका | गंगाराम चौधरी | ९८४९६५१११५ |
| २१. | दौलतपुर स्वास्थ्य चौकी | राजापुर नगरपालिका | केशर वहादुर सिंह | ९८४८४४३३९६ |
| २२. | पाताभार स्वास्थ्य चौकी | गेरुवा गाउँपालिका | भुपेन्द्र शाही | ९८१२५३२४५० |
| २३. | गोला स्वास्थ्य चौकी | गेरुवा गाउँपालिका | बसन्ती सिंह | ९८६८५६४६२९ |
| २४. | मनाउ स्वास्थ्य चौकी | गेरुवा गाउँपालिका | राजेन्द्र प्रसाद शाह | ९८५८०२०२९५ |
| २५. | पशुपतिनगर स्वास्थ्य चौकी | गेरुवा गाउँपालिका | तुलसा देवी भट्टराई | ९८४८६३८२११ |
| २६. | मैनापोखर स्वास्थ्य चौकी | वढैयाताल गाउँपालिका | टोल प्रसाद लामिछाने | ९८५८०२५३७५ |
| २७. | कालिका स्वास्थ्य चौकी | वढैयाताल गाउँपालिका | राजेन्द्र वहादुर थापा | ९८४८०२५०१७ |
| २८. | सोरहवा प्राथमिक स्वास्थ्य केन्द्र | वढैयाताल गाउँपालिका | रामदास थारु | ९८४८१८६५६९ |
| २९. | जमुनी स्वास्थ्य चौकी | वढैयाताल गाउँपालिका | चेतनारायण काफ्ले | ९८५८०२४५९० |
| ३०. | डेउडाकला स्वास्थ्य चौकी | वासगढी नगरपालिका | हुमनाथ देवकोटा | ९८४८०७००२३ |
| ३१. | मोतीपुर स्वास्थ्य चौकी | वासगढी नगरपालिका | बल बहादुर चौधरी | ९८५८०७८३०७ |
| ३२. | वेलवा स्वास्थ्य चौकी | वासगढी नगरपालिका | हरिहर तिवारी | ९८५८०२१७७४ |
| ३३. | चेपाइ. आधारभूत स्वास्थ्य केन्द्र | वासगढी नगरपालिका | लालवीर सार्की | ९८४८३५९४०१ |
| ३४. | नेउलापुर स्वास्थ्य चौकी | ठाकुरबाबा नगरपालिका | दिपक थापा | ९८५८०२६२७७ |
| ३५. | शिवपुर स्वास्थ्य चौकी | ठाकुरबाबा नगरपालिका | विष्णु ज्ञवाली | ९८५८०२६१९९ |
| ३६. | बगनाह स्वास्थ्य चौकी | ठाकुरबाबा नगरपालिका | कृपाराम गडतौला | ९८६६८०१७५० |
| ३७. | ठाकुरद्धारा स्वास्थ्य चौकी | ठाकुरबाबा नगरपालिका | राजेन्द्र प्रसाद सुवेदी | ९८६८००५२४७ |

# १२. राहत सामाग्री

- शीतलहर तथा चिसोबाट जोगाउन तथा पूर्वतयारीहरु गरी तातोहुने अवस्था सृजनाका लागि स्थानीय स्तरमा प्रमुख जिल्ला अधिकारीले यस मापदण्ड बमोजिम बनाइने संयन्त्र परिचालन गरी राहत सामग्रीहरु जुटाउनु तथा संकलनको प्रबन्ध मिलाउनु पर्छ ।

- शीतलहर तथा चिसोबाट प्रभावित विपन्न वर्गलाई राहत स्वरुप प्रति परिवार एक थानका दरले कम्बल वितरण गर्नका लागि मन्त्रालय/सरोकारवाला निकायबाट प्राप्त रकम एवम् स्थानीय तहको निर्णय अनुसार प्राप्त भएको रकम प्रयोग गर्नुपर्नेछ । यसका साथै संयन्त्रले स्थानीय स्तरमा अन्य सहयोग समेत जुटाउन सक्नेछ ।

- जिल्ला विपद् व्यवस्थापन समितिको निर्णय र विपद्को अवस्था तथा आवश्यकता बमोजिम जिल्ला प्रशासन कार्यालय र स्थानीय तहबाट आवश्यक समन्वयमा राहत स्वरुप न्यानो कपडा र राहत रकम वितरण गर्न तयारी अवस्थामा रहेको ।

- दाउरा वन तथा भू-संरक्षण मन्त्रालय अन्तर्गतको निकायबाट सुलभदरमा वा निशुल्क प्राप्त गर्न सकिने भए उपलब्ध गराउनु पर्नेछ ।

- ❖ आवश्यकता अनुसार जिल्ला प्रशासन कार्यालय र स्थानीय तहबाट विभिन्न सहयोगी संघ संस्थाहरुसँग समन्वय गरी न्यानो कपडा वितरण गर्न सक्ने ।
- ❖ चिसो बढेमा स्थानीय तह र विभिन्न सरोकारवाला निकायले समन्वय गरी घना बस्ती तथा चोक चोकमा आगो बाल्ने व्यवस्था मिलाउने र त्यसमा काठ दाउराको लागि डिभिजन वन कार्यालयले सहजीकरण गर्ने छ ।
- ❖ राहत वितरण गर्दा विपन्न वर्गका परिवारलाई अतिआवश्यकताका आधारमा उपलब्ध गराउने राहतस्वरुप प्रदान गरिने एक थान कम्बल उपलब्ध भएसम्म घरमूलीलाई दिने।
- ❖ राहत वितरण गर्दा सदरमूकाम मात्र वा कुनै एक बस्तीमा मात्र केन्द्रित नहुने।
- ❖ अति विपन्न परिवार पहिचान गर्दा देहायको अवस्थालाई मूल आधार बनाउनेः
    - ○ घरको अवस्था
    - ○ जग्गा जमीन तथा आर्थिक स्थिति (२ कठ्ठाभन्दा कम जग्गा भएकालाई विशेष प्राथमिकता दिनुपर्ने)
    - ○ परिवार संख्या
    - ○ घरको आयश्रोत
    - ○ स्थानीय तहको राय/सिफारिस

# १३. संरचनागत संयन्त्र

नेपालको संविधानको अनुसूची ६, ७, ८ र ९ मा उल्लेखित संघ, प्रदेश र स्थानीय तहको अधिकारीको सूची तथा विपद् प्रतिकार्यको लागि विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा र शीतलहर तथा चिसो प्रभावित विपन्नहरुको पहिचान तथा राहत प्रदान सम्बनधी मापदण्ड, २०६९ मा आधारभूत कानूनी व्यवस्था रहेको छ ।

## १३.१ जिल्ला विपद् व्यवस्थापन समिति

(१) जिल्लास्तरमा विपद् व्यवस्थापन सम्बन्धी कार्यको लागि देहाय बमोजिमको जिल्ला विपद् व्यवस्थापन समिति रहनेछ :-

(क) प्रमुख जिल्ला अधिकारी -अध्यक्ष
(ख) जिल्ला समन्वय समितिको प्रतिनिधि -सदस्य
(ग) जिल्ला भित्रका स्थानीय तहका अध्यक्ष तथा प्रमुख -सदस्य
(घ) स्वास्थ्य सम्बन्धी विषय हेर्ने जिल्लास्थित कार्यालयको प्रमुख -सदस्य
(ङ) जिल्लास्थित सुरक्षा निकायका प्रमुखहरु -सदस्य
(च) जिल्लास्थित पूर्वाधार तथा सामाजिक विकाससँग सम्बन्धित कार्यालयका प्रमुखहरू -सदस्य

(छ) राष्ट्रिय मान्यता प्राप्त दलका जिल्लास्थित प्रमुख वा प्रतिनिधि -सदस्य
(ज) नेपाल रेडक्रस सोसाइटीको जिल्लास्थित प्रमुख -सदस्य
(झ) गैरसरकारी महासङ्घको जिल्लास्थित प्रमुख -सदस्य
(ञ) नेपाल पत्रकार महासङ्घको जिल्लास्थित प्रमुख -सदस्य
(ट) उद्योग वाणिज्य महासङ्घको जिल्लास्थित प्रमुख -सदस्य
(ठ) प्रमुख जिल्ला अधिकारीले तोकेको अधिकृत -सदस्य सचिव

(२) जिल्ला विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) परिषद्, कार्यकारी समिति तथा प्रदेश समितिबाट स्वीकृत नीति, योजना तथा कार्यक्रम कार्यान्वयन गर्न सहयोग गर्ने गराउने,
(ख) जिल्लाको विपद् प्रतिकार्य योजना तयार गरी लागू गर्ने गराउने,
(ग) जिल्लास्तरमा रहेका आपत्कालीन कार्यसञ्चालन केन्द्रको सञ्चालन गर्ने,
(घ) उपलब्ध स्रोतको उच्चतम प्रयोग तथा प्रवाह गरी विपद् प्रभावित क्षेत्रमा खोजी तथा उद्धार गर्ने,
(ङ) नेपाल सरकारबाट स्वीकृत मापदण्ड अनुसार राहत वितरण गर्ने गराउने तथा जिल्लास्थित सरकारी तथा गैरसरकारी कार्यालयलाई सोही अनुसार राहत वितरण गर्न लगाउने,
(च) विपद् प्रभावित क्षेत्रमा आवश्यकता अनुसार यातायात तथा मानिसको आवत जावतमा नियन्त्रण गर्ने,
(छ) विपद्का कारण सिर्जित फोहोर तथा अन्य अनावश्यक वस्तु हटाउने वा हटाउन लगाउने,
(ज) विपद्को समयमा मृत्यु भएका मानिसको शव तथा जनावरको व्यवस्थापन गर्ने गराउने,
(झ) आपत्कालीन अवस्थामा विपद् प्रभावित व्यक्तिहरुको लागि आश्रय गृहको व्यवस्था गर्ने,
(ञ) विपद्को समयमा तत्काल परिचालन हुन सक्ने गरी सुरक्षा निकायलाई दुरुस्त राख्न लगाउने,
(ट) विपद् प्रभावित क्षेत्रमा खानेपानी, खाद्यान्न, लत्ताकपडा तथा औषधि उपचार जस्ता अत्यावश्यक वस्तुको प्रबन्ध गर्ने,
(ठ) विपद् प्रभावित क्षेत्रमा तत्काल आवश्यक पर्ने अस्थायी भौतिक संरचनाहरूको निर्माण गर्न लगाउने,
(ड) विपद्को अवस्थामा स्थानीयस्तरमा उपलब्ध सरकारी, गैरसरकारी एवं निजी यातायातका साधन, यन्त्र, सरसामान, खाद्य सामान आदि कानून बमोजिम नियन्त्रणमा लिई प्रयोग गर्ने वा गर्न लगाउने,
(ढ) विपद्को जोखिममा रहेका वा विपद् प्रभावित क्षेत्रमा रहेका असुरक्षित भवनहरू भत्काउन लगाउने,
(ण) असुरक्षित भवन तथा स्थानमा रहेका विपद् प्रभावित व्यक्तिहरूलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्ने,
(त) विपद् प्रभावित क्षेत्रमा स्वयंसेवक, विशेषज्ञ तथा परामर्शदातालाई परिचालन गर्ने र सोको सुपरिवेक्षण गर्ने,
(थ) राष्ट्रिय वा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूबाट गरिने उद्धार तथा राहत एवं सहयोग आदि क्रियाकलापको समन्वय गर्ने,
(द) विपद्को समयमा खोज, उद्धार तथा राहत र पुनर्लाभ सम्बन्धी कार्यको लागि स्थानीय तह लगायत सम्बन्धित निकायहरुसँग समन्वय गर्ने,
(ध) विपद् पश्चात आउन सक्ने सहायक प्रकोपहरुको न्यूनीकरणका लागि आवश्यक कार्यहरू गर्ने,
(न) विपद् प्रभावित क्षेत्रमा सङ्कटग्रस्त क्षेत्र घोषणा गर्नु पर्ने अवस्था रहेमा नेपाल सरकार समक्ष सिफारिस गर्ने,
(प) विपद् सम्बन्धी सूचना प्रवाह गर्ने,
(फ) उद्धार तथा राहत कार्यक्रमको प्रगति विवरण प्राधिकरणमा पठाउने,
(ब) विपद् व्यवस्थापन सम्बन्धमा तोकिए बमोजिमका अन्य काम गर्ने, गराउने ।

(३) जिल्ला विपद् व्यवस्थापन समितिको सचिवालय, बैठक सम्बन्धी कार्यविधि र अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## १३.२ स्थानीय विपद् व्यवस्थापन समिति :

(१) प्रत्येक स्थानीय तहले गाउँपालिकाको अध्यक्ष वा नगरपालिकाको प्रमुखको अध्यक्षतामा बढीमा पन्ध्र जना सदस्य रहेको स्थानीय विपद् व्यवस्थापन समिति गठन गर्नु पर्नेछ।

(२) स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :—

(क) परिषद्बाट स्वीकृत राष्ट्रिय नीति तथा योजना एवम् कार्यकारी समिति र प्रदेश विपद् व्यवस्थापन समितिबाट स्वीकृत एकीकृत तथा क्षेत्रगत नीति योजना र कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने,

(ख) स्थानीय तहलाई विपद् व्यवस्थापनका लागि बजेट विनियोजन गर्न लगाउने,

(ग) सरकारी, निजी एवम् गैरसरकारी संस्था, स्थानीय स्वयंसेवक, सामाजिक परिचालक लगायत सम्बन्धित सबै पक्षको समन्वय र संलग्नतामा विपद् व्यवस्थापन सम्बन्धी कार्य गर्ने, गराउने,

(घ) स्थानीय तहका पदाधिकारी, कर्मचारी, स्वयंसेवक, सामाजिक परिचालक तथा समुदायलाई विपद् व्यवस्थापन सम्बन्धमा प्रशिक्षण दिने व्यवस्था मिलाउने,

(ङ) भौतिक संरचना निर्माण गर्दा भवनसंहिता लगायत अन्य स्वीकृत निर्देशिका वा मापदण्डको पालना गराउने,

(च) स्थानीय समुदायलाई विपद्प्रति जागरुक बनाउन, विपद्सँग सम्बन्धित योजना तथा कार्यक्रम तर्जुमा गर्न तथा विपद्को घटना हुनासाथ प्रतिकार्यका लागि परिचालित हुन वडा वा समुदायस्तरमा विपद् पूर्वतयारी तथा प्रतिकार्य समिति गठन गर्ने,

(छ) विपद् प्रतिकार्यका लागि आपत्कालीन नमूना अभ्यास गर्ने, गराउने,

(ज) विपद् प्रभावित क्षेत्रमा उद्धार तथा राहतको व्यवस्था गर्ने,

(झ) विपद् व्यवस्थापन सम्बन्धमा सार्वजनिक संस्था तथा व्यावसायिक प्रतिष्ठानले यस ऐन बमोजिम कार्य गरे नगरेको अनुगमन गर्ने,

(ञ) स्थानीय तहमा विपद् व्यवस्थापन सूचना प्रणाली तथा पूर्वचेतावनी प्रणालीको विकास र सञ्चालन गर्ने, गराउने,

(ट) स्थानीय स्तरमा आपत्कालीन कार्यसञ्चालन केन्द्रको स्थापना र सञ्चालन गर्ने,

(ठ) विपद्मा परी हराएका, बिग्रेका वा नष्ट भएका कागजातको यकिन तथ्याङ्क अद्यावधिक गरी राख्न लगाउने,

(ड) विपद्बाट प्रभावित घरपरिवारको पहिचान, स्तर निर्धारण तथा परिचयपत्र वितरण गर्ने, गराउने,

(ढ) विपद्को समयमा प्रयोग गर्न सकिने गरी वारुणयन्त्र लगायतका अन्य उपकरणहरू तयारी हालतमा राख्न लगाउने,

(ण) कार्यकारी समिति, प्रदेश विपद् व्यवस्थापन समिति तथा जिल्ला विपद् व्यवस्थापन समितिको निर्णय अनुसार विपद् व्यवस्थापन सम्बन्धी अन्य कार्य गर्ने, गराउने,

(त) विपद् व्यवस्थापन सम्बन्धमा तोकिए बमोजिमका अन्य कार्य गर्ने, गराउने ।

(३) स्थानीय विपद् व्यवस्थापन समितिको सचिवालय, बैठक सम्बन्धी कार्यविधि र अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## १३.३ अन्य सरोकारवाला निकाय

### १३.३.१ सुरक्षा निकायको परिचालन तथा काम, कर्तव्य र अधिकार :

(१) विपद् व्यवस्थापनको काममा आवश्यकता अनुसार सुरक्षा निकाय परिचालित हुनु पर्नेछ ।

(२) विपद्को समयमा खोज, उद्धार तथा राहतको कार्यको लागि नेपाल सरकारले नेपाली सेना परिचालन गर्न सक्नेछ ।

(३) विपद् व्यवस्थापन सम्बन्धमा सुरक्षा निकायले कार्यकारी समिति, प्राधिकरण, प्रदेश विपद् व्यवस्थापन समितिको अध्यक्ष तथा जिल्ला विपद् व्यवस्थापन समितिको अध्यक्षको निर्देशन तथा सुपरिवेक्षण अन्तर्गत रही देहाय बमोजिमको कार्य सम्पादन गर्नु पर्नेछ :-

(क) सम्भावित विपद्को सम्बन्धमा पूर्वचेतावनी दिने तथा विपद् जोखिम न्यूनीकरणका लागि समुदायलाई सजग बनाउने,

(ख) कुनै पनि स्थानमा विपद्का घटनाहरू भएको जानकारी प्राप्त हुनासाथ तत्काल परिचालित हुने र सोको जानकारी सम्बन्धित अधिकारी वा निकायलाई गराउने,

(ग) आपत्कालीन खोज, उद्धार तथा राहत वितरण गर्ने कार्य प्रभावकारी रूपमा सम्पन्न गर्ने,

(घ) विपद् व्यवस्थापन सम्बन्धी विषयमा खोज तथा उद्धार सम्बन्धी तालिम एवम् जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ।

(४) विपद् प्रतिकार्यका लागि प्रमुख जिल्ला अधिकारीको आदेश बमोजिम कुनै पनि स्थानमा प्रवेश गर्ने तथा उपलब्ध जुनसुकै व्यक्ति वा संस्थाको साधन र स्रोत उपयोग गर्ने अधिकार सुरक्षा निकायलाई हुनेछ ।

(५) सुरक्षा निकायले विपद्को समयमा खोज तथा उद्धार कार्यका लागि प्रदेश विपद् व्यवस्थापन समिति तथा स्थानीय विपद् व्यवस्थापन समितिसँग आवश्यक सामग्री माग गर्न सक्नेछ।

**१३.३.२ सेवा प्रदायक निकायको काम, कर्तव्य र अधिकार:**

(१) कुनै स्थानमा विपद् परेमा वारूणयन्त्र तथा अन्य सेवा प्रदायक निकायले सम्बन्धित स्थानीय विपद् व्यवस्थापन समितिलाई तत्काल सूचना दिनु पर्नेछ ।

(२) वारूणयन्त्र तथा अन्य सेवा प्रदायक निकायले आपत्कालीन खोज, उद्धार तथा राहत उपलब्ध गराउन जिल्ला विपद् व्यवस्थापन समिति तथा स्थानीय विपद् व्यवस्थापन समितिले दिएको निर्देशनको पालना गर्नु पर्नेछ ।

(३) आपत्कालीन कार्य सम्पादन गर्दा स्थानीय विपद् व्यवस्थापन समितिको आदेश बमोजिम कुनै पनि स्थानमा प्रवेश गर्ने तथा जुनसुकै व्यक्ति वा संस्थाको साधन र स्रोत उपयोग गर्ने अधिकार वारुणयन्त्र सेवा प्रदायक निकायलाई हुनेछ ।

**१३.३.३ सार्वजनिक संस्था तथा व्यावसायिक प्रतिष्ठानको दायित्व :**

(१) विपद् व्यवस्थापन सम्बन्धमा सार्वजनिक संस्था तथा व्यावसायिक प्रतिष्ठानको दायित्व देहाय बमोजिम हुनेछ :-

(क) आफ्नो भवन, उद्योग, कार्यालय वा व्यावसायिक केन्द्रमा विपद्का घटना हुन नदिन विपद् सुरक्षा औजार, उपकरण, सामग्री, आपत्कालीन निकास लगायत तोकिए बमोजिमका अन्य व्यवस्था गर्ने,

(ख) तथ्याङ्क सङ्कलन, क्षतिको मूल्याङ्कन, राहत, पुनर्स्थापना तथा पुनर्निर्माण समेतका सम्पूर्ण कार्यमा कार्यकारी समिति, विपद् व्यवस्थापन सम्बन्धी अन्य समिति तथा प्राधिकरणलाई आवश्यक सहयोग गर्ने,

(ग) आफ्ना कर्मचारी तथा कामदारलाई विपद् व्यवस्थापन सम्बन्धमा प्राधिकरणले तोके बमोजिमका आधारभूत अभिमुखीकरण तालिम दिने,

(घ) विपद् व्यवस्थापन कार्यमा उपयोग हुने स्रोत साधनलाई तयारी हालतमा राख्ने,

(ङ) नेपाल सरकार, प्राधिकरण, प्रदेश सरकार, स्थानीय तह र प्रमुख जिल्ला अधिकारीको आदेश अनुसार आफ्ना भवन लगायत अन्य संरचना आपत्कालीन प्रयोजनका लागि आवश्यक परेमा उपलब्ध गराउने,

(च) सम्बन्धित अधिकारीको सुपरिवेक्षणमा उद्धार तथा राहत वितरण कार्यमा सहयोग पुऱ्याउने,

(छ) विपद् जोखिम न्यूनीकरण संयन्त्रको व्यवस्था गरी तयारी अवस्थामा राख्ने,

(ज) फोहोरमैला तथा प्रदुषणको यथोचित व्यवस्थापन गरी यसबाट वातावरण र जनजीवनमा पर्न सक्ने नकारात्मक प्रभावलाई न्यूनीकरण गर्ने उपायहरू अपनाउने,

(झ) विपद्‌को घटना घटेमा तत्काल नजिकको सुरक्षा निकाय र स्थानीय आपत्‌कालीन कार्यसञ्चालन केन्द्रलाई खबर गर्ने ।

(२) सार्वजनिक संस्था तथा व्यावसायिक प्रतिष्ठानले नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहको विपद् व्यवस्थापन सम्बन्धी योजनाको अधीनमा रही विपद् व्यवस्थापन योजनाको तर्जुमा गरी अनिवार्य रूपमा लागू गर्नु पर्नेछ ।

**<u>१३.३.४ विपद् व्यवस्थापनमा सहयोग गर्नु पर्ने</u>:**

सरकारी कार्यालय, गैरसरकारी संस्था, स्थानीय सङ्घ संस्था, समुदाय, स्वयंसेवक, नागरिक समाज, निजी क्षेत्र तथा व्यक्तिले विपद् व्यवस्थापन कार्यमा देहाय बमोजिम सहयोग गर्नु पर्नेछः-

(क) तथ्याङ्क सङ्कलन, क्षतिको मूल्याङ्कन, राहत, पुनर्स्थापना तथा पुनर्निर्माण लगायतका विपद् व्यवस्थापन सम्बन्धी कार्यमा सहयोग गर्ने,

(ख) विपद् व्यवस्थापन सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने,

(ग) क्षमता विकास, आपत्‌कालीन नमूना अभ्यास तथा विपद् व्यवस्थापन सम्बन्धी प्रशिक्षण कार्यक्रममा सहयोग गर्ने तथा भाग लिने,

(घ) खोज, उद्धार तथा राहत वितरण सम्बन्धी कार्यमा सहयोग गर्ने।

विभिन्न सरकारी, गैरसरकारी, स्थानीय बुद्धिजीवी, दातृ निकाय, परोपकारवादी संस्थाहरू, स्थानीय नागरिक समाज, निजी कम्पनी तथा लगानीकर्ताहरू तथा अन्य व्यक्तिहरूसँग समन्वय गरी स्थानीय विपद् जोखिम सम्बन्धी कार्य गर्न सक्नुका साथै सहयोगको लागी अक्षयकोष तथा उद्धारको लागि वारुणयन्त्र, खाद्य तथा अन्य अत्यावश्यक सामग्री भण्डारण गर्नसक्छ।

विपद्‌ले प्रभाव पार्न सक्ने संभावित ठाउँ, समुदाय, तथा क्षेत्रको पहिचान तथा नक्साङ्कन गरी विपद् आउनुअघि त्यसको जोखिम न्यूनीकरणको लागि पूर्वतयारी सम्बन्धि क्रियाकलाप गर्न तथा गराउन सक्छ। यसो गर्दा विपद् आइहाले पनि ठूलो जनधनको क्षति हुनाबाट स्थानीय समुदायलाई जोगाउन सकिन्छ। समुदायस्तरमा विपद् पूर्वतयारी तथा प्रतिकार्य समिति गठन गर्न प्रत्येक गाउँटोल वा दुई वा दुईभन्दा बढी गाउँटोल मिलाएर वा समुदायलाई लक्षित गरी एक सामुदायिक विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिको गठन गर्दा विपद् न्यूनीकरण गर्नको लागि अझ सजिलो हुन्छ।

**१३.४ विपद् व्यवस्थापनका लागि जिल्ला विपद् व्यवस्थापन समिति र स्थानीय तहको काम, कर्तव्य र अधिकारहरुः**

| विपद् जोखिम न्युनिकरण तथा व्यवस्थापन ऐन २०७४, दफा १६.२ मा भएको व्यवस्था बमोजिम जिल्ला विपद् व्यवस्थापन समितिका काम कर्तव्य र अधिकारहरु | विपद् जोखिम न्युनिकरण तथा व्यवस्थापन ऐन २०७४, दफा १७.२ र स्थानीय सरकार सञ्चान ऐन २०७४, दफा ११ (न) मा भएको व्यवस्था बमोजिम स्थानीय तहको काम कर्तव्य र अधिकारहरु |
| --- | --- |
| परिषद्‌बाट स्वीकृत राष्ट्रिय नीति तथा योजना एवम् कार्यकारी समिति र प्रदेश विपद् व्यवस्थापन समितिबाट स्वीकृत एकिकृत तथा क्षेत्रगत नीति योजना र कार्यक्रम अनुरुप हुने गारि | विपद् व्यवस्थापन सम्बन्धि स्थानीय नीति, कानुन, मापदण्ड, योजनाको कार्यान्वयन, अनुगमन र नियमन |

| विपद् जोखिम न्युनिकरण तथा व्यवस्थापन ऐन २०७४, दफा १६.२ मा भएको व्यवस्था बमोजिम जिल्ला विपद् व्यवस्थापन समितिका काम कर्तव्य र अधिकारहरु | विपद् जोखिम न्युनिकरण तथा व्यवस्थापन ऐन २०७४, दफा १७.२ र स्थानीय सरकार सञ्चान ऐन २०७४, दफा ११ (न) मा भएको व्यवस्था बमोजिम स्थानीय तहको काम कर्तव्य र अधिकारहरु |
|---|---|
| स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने | |
| स्थानीय तहलाई विपद् व्यवस्थापनका लागि बजेट विनियोजन गर्न लगाउने | स्थानीयस्तरमा विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना, पूर्व सूचना प्रणाली, खोज तथा उद्धार, राहत सामग्रीको पूर्व भण्डारण, वितरण र समन्वय |
| सरकारी, निजी एवम् गैरसरकारी संस्था, स्थानीय स्वयंसेवक, सामाजिक परिचालक लगायत सम्बन्धित सबै पक्षको समन्वय र संलग्नतामा विपद् व्यवस्थापन सम्बन्धमा प्रशिक्षण दिने व्यवस्था मिलाउने | स्थानीय तटबन्ध, नदी र पहिरोको नियन्त्रण तथा नदीको व्यवस्थापन र नियमन |
| भौतिक संरचना निर्माण गर्दा भवनसंहिता लगायत अन्य स्वीकृत निर्देशिका वा मापदण्डको पालना गराउने | विपद् जोखिम क्षेत्रको नक्साङ्कन तथा बस्तीहरुको पहिचान र स्थान्तरण |
| स्थानीय समुदायलाई विपद्प्रति जागरूक बनाउन, विपद्सँग सम्बन्धित योजना तथा कार्यक्रम तर्जुमा गर्न तथा विपद्को घटना हुनासाथ प्रतिकार्यका लागि परिचालित हुन वडा वा **<u>समुदायस्तरमा विपद् पूर्वतयारी तथा प्रतिकार्य समिति गठन गर्ने</u>** | विपद् व्यवस्थापनमा सङ्घ, प्रदेश र स्थानीय समुदाय, सङ्घ संस्था तथा निजी क्षेत्रसँग सहयोग, समन्वय र सहकार्य |
| विपद् प्रतिकार्यका लागि आपतकालीन नमूना अभ्यास गर्ने, गराउने | विपद् व्यवस्थापन कोषको स्थापना तथा सञ्चालन र स्रोत साधनको परिचालन |
| विपद् प्रभावित क्षेत्रमा उद्धार तथा राहतको व्यवस्था गर्ने | विपद् जोखिम न्युनिकरण सम्बन्धि स्थानीयस्तरका आयोजनाको तर्जुमा, कार्यान्वयन, अनुगमन र नियमन |
| विपद् व्यवस्थापन सम्बन्धमा सार्वजनिक संस्था तथा व्यावसायिक प्रतिष्ठानले यस ऐन बमोजिम कार्य गरे नगरेको अनुगमन गर्ने | विपद् पश्चात स्थानीयस्तरको पुनर्स्थापना र पुननिर्माण |
| स्थानीय तहमा विपद् व्यवस्थापन सूचना प्रणाली तथा पूर्वचेतावनी प्रणालीको विकास र सञ्चालन गर्ने, गराउने | स्थानीय स्तरको विपद् सम्बन्धी तथ्याङ्क व्यवस्थापन र अध्ययन अनुसन्धान |
| स्थानीय स्तरमा आपतकालीन कार्यसञ्चालन केन्द्रको स्थापना र सञ्चालन गर्ने | स्थानीय आपतकालिन कार्य सञ्चालन प्रणाली |
| विपद्मा परी हराएका, बिग्रेका वा नष्ट भएका कागजातको | समुदायमा आधारित विपद् व्यवस्थापन सम्बन्धी कार्यक्रमको |

| विपद् जोखिम न्युनिकरण तथा व्यवस्थापन ऐन २०७४, दफा १६.२ मा भएको व्यवस्था बमोजिम जिल्ला विपद् व्यवस्थापन समितिका काम कर्तव्य र अधिकारहरु | विपद् जोखिम न्युनिकरण तथा व्यवस्थापन ऐन २०७४, दफा १७.२ र स्थानीय सरकार सञ्चान ऐन २०७४, दफा ११ (न) मा भएको व्यवस्था बमोजिम स्थानीय तहको काम कर्तव्य र अधिकारहरु |
|---|---|
| यकिन तथ्याङ्क अद्धवधिक गरी राख्न लगाउने | सञ्चालन |
| विपद्बाट प्रभावित घरपरिवारको पहिचान, स्तर निर्धारण तथा परिचयपत्र वितरण गर्ने, गराउने | विपद् सम्बन्धी अन्य कार्य |
| विपद्को समयमा प्रयोग गर्न सकिने गरी वारुणयन्त्र लगायतका अन्य उपकरणहरु तयारी हालतमा राख्न लगाउने | |
| कार्यकारी समिति, प्रदेश विपद् व्यवस्थापन समिति तथा जिल्ला विपद् व्यवस्थापन समितिको निर्णय अनुसार विपद् व्यवस्थापन सम्बन्धी अन्य कार्य गर्ने, गराउने | |

### १३.५ जिल्ला विपद् व्यवस्थापन कोष एवम् स्थानीय विपद् व्यवस्थापन कोषमा रहेको रकमको अवस्थाः

| सि.नं. | निकाय | कोष | रकम |
|---|---|---|---|
| १. | जिल्ला प्रशासन कार्यालय | जिल्ला विपद् व्यवस्थापन कोष | ३३१५६९९५।७८ |
| २. | गुलरिया नगरपालिका | स्थानीय विपद् व्यवस्थापन कोष | ४००००००।- |
| ३. | मधुवन नगरपालिका | स्थानीय विपद् व्यवस्थापन कोष | २००००००।- |
| ४. | राजापुर नगरपालिका | स्थानीय विपद् व्यवस्थापन कोष | ८००००००।- |
| ५. | ठाकुरवावा नगरपालिका | स्थानीय विपद् व्यवस्थापन कोष | ९००००००।- |
| ६. | बारबर्दिया नगरपालिका | स्थानीय विपद् व्यवस्थापन कोष | ७००००००।- |
| ७. | वासँगढी नगरपालिका | स्थानीय विपद् व्यवस्थापन कोष | ३६०००००।- |
| ८. | वढैयाताल गाउँपालिका | स्थानीय विपद् व्यवस्थापन कोष | २५०००००।- |
| ९. | गेरुवा गाउँपालिका | स्थानीय विपद् व्यवस्थापन कोष | ६००००००।- |

### १३.६ जिल्लास्तरीय संयन्त्र

पीडित पहिचान तथा त्यसमा पनि विपन्न वर्गकालाई प्राथमिकताका आधारमा राहत प्रदान गर्न र चोक वा टोलमा सामूहिकरुपमा दाउराहरु बाल्नका लागि प्राथमिकताका आधारमा वितरण गर्नका लागि जिल्लास्तरमा एक संयन्त्र रहने छ । यस संयन्त्रमा निम्न बमोजिमका पदाधिकारी रहने छन्।

प्रमुख जिल्ला अधिकारी -संयोजक
जिल्ला समन्वय अधिकारी -सदस्य
जिल्ला प्रहरी प्रमुख -सदस्य
जिल्लास्थित सशस्त्र प्रहरी प्रमुख -सदस्य
डिभिजन वन कार्यालयका प्रमुख -सदस्य

स्वास्थ्य कार्यालयका प्रमुख -सदस्य

जिल्ला रेडक्रसको प्रतिनिधि -सदस्य

जिल्ला उद्योग वाणिज्य संघको प्रतिनिधि -सदस्य

यस संयन्त्रको सचिवालयको रुपमा जिल्ला प्रशासन कार्यालयले कार्य गर्नेछ ।

# १४. निकायगत भूमिका तथा जिम्मेवारी

| क्रसं | निकायको नाम | जिम्मेवार व्यक्ति | जिम्मेवारी |
|---|---|---|---|
| १ | जिल्ला प्रशासन कार्यालय | प्रमुख जिल्ला अधिकारी/ सहायक प्रमुख जिल्ला अधिकारी | समग्र समन्वय तथा नेतृत्व । |
| २ | जिल्ला समन्वय समिति | प्रमुख<br>जिल्ला समन्वय अधिकारी | समन्वयात्मक कार्यमा सहयोग गर्ने ।<br>स्रोत (आर्थिक, भौतिक, मानविय श्रोत ) परिचालन गर्न समन्वय गर्ने । |
| ३ | स्थानीय तहहरु | प्रमुख/अध्यक्ष | आ-आफ्नो स्थानीय तहको नेतृत्वदायी भूमिका निर्वाह गर्ने । विषयगत क्षेत्रसंग समन्वय गर्ने । श्रोत साधन व्यवस्था गर्ने।तथ्यांक संकलन तथा व्यवस्थापन । |
| ४ | सुरक्षा निकायहरु | प्रमुख तथा प्रतिनिधि | सुरक्षा व्यवस्था गर्ने। उद्धार गर्ने। विषयगत समितिमा रही सहयोग गर्ने । |
| ५ | राजनैतिक दलहरू | दलका प्रमुखहरू | समन्वय।स्रोत संकलनमा सहयोग गर्ने ।जनपरिचालन गर्ने । |
| ६ | जिल्ला आपतकालिन कार्य संञ्चालन केन्द्र | फोकल पर्सन | सूचना संकलन, समन्वय, संप्रेशण<br>तथ्यांक व्यवस्थापन |
| ७ | जिल्ला अगुवा सहयोगी निकाय (DLSA) | स्रोत केन्द्र प्रमुख | श्रोत उपलव्धताका लागि राष्ट्रिय/अन्तराष्ट्रिय गैरसरकारी संघ/संस्था तथा सरोकारवालासंग समन्वय गर्ने । |
| ८ | नेपाल रेडक्रस सोसाइटी | सभापति | राहत खाद्य सामाग्री तथा अस्थाई आवास व्यवस्थापन आपत्कालीन आवास तथा बन्दोबस्ती (Logistic) व्यवस्थापनमा सहयोग गर्ने । |

| क्रसं | निकायको नाम | जिम्मेवार व्यक्ति | जिम्मेवारी |
|---|---|---|---|
| ९ | विषयगत सरकारी कार्यालय | कार्यालय प्रमुखहरु | विषयगत समितिमा रही क्षेत्रगत अगुवा भूमिका निर्वाह गर्ने । आ-आफ्नो क्षेत्रको आपत्कालीन योजना निर्माण गरी कार्यान्वयन गर्ने । |
| १० | उद्योग वाणिज्य संघ/व्यापार संघ | अध्यक्ष | न्यानो कपडा तथा कम्मल सामग्री संकलन वितरण र व्यवस्थापनमा सघाउने |
| ११ | यातायात व्यवसायी प्रा.लि.हरु | अध्यक्ष | राहात तथा उद्धार कार्यका लागि यातायातका साधनहरु र जन शक्ति उपलब्ध गराउने । |
| १२ | संचार माध्यमहरु | नेपाल पत्रकार महासंघ, सञ्चारकर्मीहरु | सहि सूचना संकलन तथा सम्प्रेषण<br>सचेतनामूलक सूचना तथा समाचार सम्प्रेषण गर्ने |
| १३ | नागरिक समाज | संयोजक | राहत कार्यमा सहयोग तथा समन्वय<br>मानव अधिकारको संरक्षण तथा सम्बर्धनमा सहयोग |
| १४ | पेशागत व्यवसायी समितिहरु | अध्यक्ष | राहत, उद्धार तथा संरक्षण कार्यमा सहयोग |
| १५ | गै.स.स.महासंघ/ राष्ट्रिय तथा अन्तराष्ट्रिय गै.स.स. | प्रमुख/प्रतिनिधिहरु | मानवस्रोत परिचालन गर्ने ।स्रोत संकलनमा सहयोग गर्ने ।गै.स.स. बीच समन्वय ।क्षमता विकास तथा सहजीकरण कार्य गर्ने । |

# १५. प्रतिकार्य विवरण

| सि.नं. | क्रियाकलाप | कसले | कहाँ |
|---|---|---|---|
| १ | न्यानो कपडा तथा पोषिलो खाद्यबस्तु व्यवस्थापन | नगरपालिका तथा गाउँपालिकाहरु, उद्योग वाणिज्य संघ मार्फत न्यानो कपडा व्यवस्थापन, कम्मल लगायत अन्य न्यानो कपडाहरु नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा तथा उपशाखाहरु मार्फत | क्षेत्र अनुसार जिल्लाको विभिन्न स्थानहरुमा |
| २ | दाउरा व्यवस्थापन | नगरपालिका, गाउँपालिकाहरु, डिभिजन वन कार्यालय तथा सामुदायिक वन महासंघ, मध्यवर्ती वन व्यवस्थापन समिति, बर्दिया राष्ट्रिय निकुञ्ज | चोक तथा घनाबस्तीको पायक पर्ने स्थान |

| | | | |
|---|---|---|---|
| ३ | राहत वितरण | जिल्ला प्रशासन कार्यालय, स्थानीय विपद् व्यवस्थापन समिति, सुरक्षा निकाय, नेपाल रेडक्रस सोसाइटी, जिल्ला शाखा/उपशाखाहरु र उद्योग वाणिज्य संघहरु | प्रभावित क्षेत्रमा |
| ४ | एम्बुलेन्स सेवा | एम्बुलेन्स संचालक संघसंस्थाहरु तथा समितिहरु | जिल्लाभर |
| ५ | स्वास्थ्य शिविर | बर्दिया अस्पताल, स्वास्थ्य कार्यालय, स्थानीय तह अन्तर्गतका स्वास्थ्य इकाइहरु र अन्य सेवा प्रदायक | प्रभावित क्षेत्रमा |
| ६ | विपद् सम्बन्धी सूचना तथा जनचेतना | जिल्ला आपत्कालीन कार्य संचालन केन्द्र, स्थानीय तह, स्वास्थ्य कार्यालय, पत्रकार महासंघ, स्थानीय संचार माध्यमहरु, | जिल्लाभर |
| ७ | सूचना व्यवस्थापन | जिल्ला आपतकालिन कार्यसञ्चालन केन्द्र | जिल्लाभर |

# १६. विषयगत क्षेत्रका अगुवा तथा सदस्य विवरण

| बिषयगत क्षेत्रहरु | अगुवा संस्था | सदस्यहरु | |
|---|---|---|---|
| १) समन्वय तथा सूचना व्यवस्थापन | जिल्ला प्रशासन कार्यालय | जिल्ला समन्वय समिति, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी वल नेपाल, राष्ट्रिय अनुसन्धान, स्थानीय तह, नेपाल रेडक्रस सोसाइटी | DEOC, नेपाल टेलिकम स्थानीय एफ.एम., पत्रपत्रिका नेपाल पत्रकार महासंघ राष्ट्रिय अनुसन्धान, कर्णाली वेसीन कार्यालय, CSDR, /PA, KMJS, RKJS |
| २) खोज तथा उद्धार | जिल्ला प्रशासन कार्यालय, | नेपाली सेना, सशस्त्र प्रहरी वल नेपाल, नेपाल प्रहरी, स्थानीय तह, नेपाल रेडक्रस सोसाइटी | DEOC, राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, ईलाका प्रहरी कार्यालयहरु बर्दिया राष्ट्रिय निकुञ्ज कार्यालय, ठाकुरद्वारा |
| ३) गैर खाद्य सामग्री र शिविर व्यवस्थापन | शहरी विकास तथा भवन निमार्ण विभाग, संघीय आयोजना कार्यान्वयन इकाइ, नेपालगञ्ज र नेपाल रेडक्रस, बर्दिया शाखा | सामुदायिक वन उपभोक्ता महासंघ, सुरक्षा निकाय, एक्सन एड नेपाल, युनिसेफ, सेभ द चिल्ड्रेन, डिभिजन वन कार्यालय, प्लान नेपाल | DEOC, स्थानीय विपद् व्यवस्थापन समिति(प्राविधिक शाखा, शिक्षा शाखा), उद्योग व्यापार संघ, गैसस महासंघ, कमैया महिला जागरण समाज, नेपाल |

| बिषयगत क्षेत्रहरु | अगुवा संस्था | सदस्यहरु | |
|---|---|---|---|
| ४) खाद्य तथा गोदाम व्यवस्थापन | कृषि ज्ञान केन्द्र सम्पर्क कार्यालय, गुलरिया | स्थानीय विपद् व्यवस्थापन समिति, स्थानीय तहका कृषि शाखाहरु, नेपाल प्रहरी, जिल्ला समन्वय समिति विश्व खाद्य कार्यक्रम नेपाल, नेपाल रेडक्रस, एक्सन एड नेपाल | नेपाल खाद्य संस्थान राजापुर, कमैया महिला जागरण समाज नेपाल, गैसस महासंघ, जिल्ला खाद्य अधिकार संजाल, उद्योग वाणिज्य संघ, |
| ५) खानेपानी तथा सरसफाई | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय बाँके फिल्ड अफिस बर्दिया | नेपाल रेडक्रस सोसाइटी, वेस बर्दिया, जनजागरण महिला संघ | युनिसेफ, प्लान, कमैया महिला जागरण समाज नेपाल |
| ६) संरक्षण | जिल्ला प्रशासन कार्यालय | जिल्ला वालकल्याण समिती नेपाल प्रहरी, जि.स.स. युनिसेफ, एक्सन एड् नेपाल, नेपाल रेडक्रस सोसाइटी, प्लान नेपाल | राधाकृष्ण थारु जनसेवा केन्द्र, कमैया महिला जागरण समाज नेपाल, दलित महिला उत्थान संघ माइति नेपाल, शक्ति समुह, ओरेक नेपाल |
| ७) स्वास्थ्य तथा पोषण | स्वास्थ्य कार्यालय | जिल्ला अस्पताल, स्थानीय विपद् व्यवस्थापन समिति (स्वास्थ्य शाखा ), जिल्ला समन्वय समिति नेपाल रेडक्रस सोसाइटी, आयुर्बेद अस्पताल | सरकारी स्वास्थ्य सेवा प्रदायक निकायहरु, युनिसेफ, सेभ द चिल्ड्रेन, जनजागरण महिला संघ, सामुदायिक स्वास्थ्य केन्द्रहरु, औषधि व्यवसायी संघ |
| ८) आपत्कालीन शिक्षा | शिक्षा विकास तथा समन्वय इकाइ | सम्बन्धित स्थानीय तहमा रहेका शिक्षा बिकास शाखाहरु, जिल्ला समन्वय समिति, एक्सन एड् नेपाल युनिसेफ, सेभ द चिल्ड्रेन प्लान नेपाल, जल्ला समन्वय समिति | प्याब्सन, एन प्याब्सन आरकेजेएस, बेस बर्दिया, कमैया महिला जागरण समाज नेपाल |

| बिषयगत क्षेत्रहरु | अगुवा संस्था | सदस्यहरु | |
|---|---|---|---|
| ९) पुनःस्थापना तथा पुर्ननिर्माण | शहरी विकास तथा भवन निमार्ण विभाग, संघीय आयोजना कार्यान्वयन इकाइ, नेपालगञ्ज | डिभिजन वन कार्यालय, खानेपानी तथा सरसफाई डिभिजन कार्यालय दाङ्ग फिल्ड कार्यालय बर्दिया, बबई सिंचाई आयोजना, नेपाल विद्युत प्राधिकरण, स्थानीय विपद् व्यवस्थापन समिति (प्राविधिक शाखा ) | सामुदायिक वन उपभोक्ता समितिहरु, नेपाल टेलिकम, नेपाल रेडक्रस सोसाइटी, जिल्लामा कार्यरत अन्तराष्ट्रिय गैससहरु, एक्सन एड नेपाल, कमैया महिला जागरण समाज नेपाल, |

## १७. रणनीतिक कार्ययोजना

| चिसो/शीतलहरको स्तर | विगतको अनुभव अनुसार अवधि डिसेम्बर देखि फेब्रुअरीसम्म (९० दिन) | प्रभाव | | | सामना गर्ने रणनीतिहरू | सिजन भरि | |
|---|---|---|---|---|---|---|---|
| | | मानव | जीविकोपार्जन (बाली, जनावर, श्रम काम) | यातायात / पूर्वाधार | | कार्यहरू | नेतृत्व एजेन्सी |
| **न्यून** | **५० दिन** | | | | | | |
| हल्का चिसो, हल्का कुहिरो | | थोरै मानिस बिरामी हुने, सामान्य रुघाखोकी, खोकी र बालबालिकालाई निमोनिया हुने गरेको छ | फरक-फरक दरबारमा कमै मान्छे चहलपहल गर्दैनन्, | थोरै दुर्घटना | न्यानो लुगा लगाउने, बालबालिका, ज्येष्ठ नागरिक र अपाङ्गताको विशेष हेरचाह | एफएम रेडियो सन्देश, माइकिङ | DDMC/DEOC/LEOC |
| आकाश अलिकति देखिन्छ | | अधिकांश वृद्धवृद्धा र बालबालिका, अधिकांश सीमान्तकृत | | | | | |
| घाम अझै अलिकति तातो छ | | बच्चाहरु र वृद्धहरु लाई न्यानो | | | | | |
| **मध्यम** | **३० दिन** | | | | | | |
| चिसो, कम दृश्यतासंग बाक्लो कुहिरो (५० | | सबैभन्दा कमजोर मा केहि महत्वपूर्ण केसहरू | आजीविका | केही उडान ढिलाइ | कम्बल किन्दै मानिसहरू | एफएम रेडियो | DDMC/DEOC/LEOC |

| चिसो/शीतलहरको स्तर | विगतको अनुभव अनुसार अवधि डिसेम्बर देखि फेब्रुअरीसम्म (९० दिन) | प्रभाव | | | सामना गर्ने रणनीतिहरू | सिजन भरि | |
|---|---|---|---|---|---|---|---|
| | | मानव | जीविकोपार्जन (बाली, जनावर, श्रम काम) | यातायात / पूर्वाधार | | कार्यहरू | नेतृत्व एजेन्सी |
| मी.) | | | | | | सन्देश | |
| आकाश देखिदैन | | प्रायः वृद्ध र बालबालिकाहरू केही गम्भीर अवस्थाहरू | दैनिक ज्यालादारी मजदुरले आफ्नो जीविकोपार्जन गर्न सक्दैनन् | थोरै दुर्घटना | उडानको सट्टा सडक यात्रा | | |
| घाम न्यानो छैन | | केही गम्भीर केसहरू | | ट्राफिक जाम | | | |
| हावा चलिरहेको | | थोरै मानिस बिरामी हुने, सामान्य रुघाखोकी, खोकी र बालबालिकालाई निमोनिया हुने गरेको छ | काम पाउन मुस्किल, जनावरबाट कम उत्पादन | उडान ढिलाइ, कम दुर्घटना, कमजोर दृश्यता | घर भित्रै बस्नुहोस्, बत्ती बाल्नुहोस् र सडकबाट यात्रा गर्नुहोस् | एफएम रेडियो सन्देश | DDMC/DEOC/LEOC |
| उच्च | १० दिन | | | | | | |
| धेरै चिसो, धेरै कम दृश्यता संग धेरै बाक्लो कुहिरो (२ मी.) | | धेरै गम्भीर केसहरू र मृत्यु, थोरै मानिसहरू बिरामी, सामान्य रुघाखोकी, खोकी र | दैनिक ज्यालादारी मजदुरले आफ्नो जीविकोपार्जन गर्न सक्दैनन् | उडानहरू छैनन् | उडानको सट्टा सडक यात्रा | एफएम रेडियो सन्देश | DDMC/DEOC/LEOC |

| चिसो/शीतलहरको स्तर | विगतको अनुभव अनुसार अवधि डिसेम्बर देखि फेब्रुअरीसम्म (९० दिन) | प्रभाव | | | सामना गर्ने रणनीतिहरू | सिजन भरि | |
|---|---|---|---|---|---|---|---|
| | | मानव | जीविकोपार्जन (बाली, जनावर, श्रम काम) | यातायात / पूर्वाधार | | कार्यहरू | नेतृत्व एजेन्सी |
| | | बच्चाहरूलाई निमोनिया | | | | | |
| आकाश कतै देखिदैन | | सबैभन्दा कमजोर मा केहि महत्वपूर्ण केसहरू | दैनिक ज्यालादारी मजदुरले आफ्नो जीविकोपार्जन गर्न सक्दैनन् | सडक दुर्घटनाहरू | सवारी साधन प्रयोग नगर्नुहोस् | एफएम रेडियो सन्देश / माइकिङ | DDMC/DEOC/LEOC |
| घाम छैन | | धेरै गम्भीर केसहरू र मृत्यु | दैनिक ज्यालादारी मजदुरले आफ्नो जीविकोपार्जन गर्न सक्दैनन् | ट्राफिक जाम, उडान ढिलाइ | न्यानो लुगा लगाएर सवारी साधन प्रयोग नगर्ने | एफएम रेडियो सन्देश / माइकिङ | DDMC/DEOC/LEOC |
| उच्च आर्द्रता / शीत | | धेरै गम्भीर केसहरू र मृत्यु | दैनिक ज्यालादारी मजदुरले आफ्नो जीविकोपार्जन गर्न सक्दैनन् | सडक दुर्घटनाहरू | ज्येष्ठ नागरिक, बालबालिका, दीर्घरोगबाट प्रभावित व्यक्तिको विशेष हेरचाह | एफएम रेडियो सन्देश / माइकिङ | DDMC/DEOC/LEOC |

## १८. अनुगमन तथा मूल्याङ्कन

- शीतलहर तथा अतिचिसोबाट प्रभावित विपन्न वर्गहरुले उचित तरिकाले कम्बल पाए नपाएको विषयमा प्रमुख जिल्ला अधिकारीले आफै गई वा प्रतिनिधि पठाई अनुगमन तथा निरीक्षण गर्नु गराउनु पर्नेछ।
- जिल्लास्थित सरकारी तथा गैरसरकारी संघ संस्थाहरुले शीतलहर तथा अतिचिसो प्रभावितहरुलाई के कति सहयोग गरे भन्ने विषयको अभिलेख स्थानीय तहले अद्यावधिक गर्ने र सोको जानकारी जिल्ला प्रशासन कार्यालयमा पठाउने ।
- सामूहिक रुपमा तातो गराउनका लागि चोक तथा टोलहरुमा के कति दाउराहरु वितरण भए तथा कुन कुन चोक तथा टोलहरुमा दाउराहरु बाल्ने कार्य भएको छ सोको अभिलेख आ-आफ्नो स्थानीय तहहले राख्ने र सोको विवरण जिल्ला विपद् व्यवस्थापन समितिमा पेश गर्ने ।
- कार्यसम्पादन गरिएपछि सम्पूर्ण विवरण जिल्ला स्थानीय तहबाट जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रशासन कार्यालयबाट गृह मन्त्रालयमा प्रतिवेदन गर्ने।
- कार्य सम्पादन गरिएपछि राहत वितरण र खर्च, लाभान्वित परिवारसंख्या सम्बन्धी सम्पूर्ण विवरण सार्वजनिक गर्नु सरोकारवाला निकाय/कार्यालय/संयन्त्रको कर्तव्य हुने भएकाले सार्वजनिक गर्ने।

## १९. अन्य व्यवस्थापन तथा प्रतिक्रिया संयन्त्रले निर्धारण गर्न सक्ने

यो मापदण्डको व्यवस्थाको प्रतिकूल नहुने गरी कार्यसम्पादन सम्बन्धी अन्य प्रक्रिया र व्यवस्थापन यस मापदण्ड अनुरुपको संरचनागत संयन्त्रले आफै निर्धारण गर्न सक्नेछ ।

## २०. शीतलहरबाट जोखिम न्यूनीकरण गर्ने सूचनामूलक सन्देशहरु

- जाडोयामको लागि समयमै न्यानो कपडाको जोहो गरौं ।
- शीतलहरको समयमा घर बाहिर खुल्ला स्थानमा धेरै समय नबिताऔ ।
- रातको समयमा न्यानो सिरक, कम्मल जस्ता ओड्ने प्रयोग गर्ने र सुत्दा शरीरका साथै अनिवार्यरुपमा छाती तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔँ ।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाऔँ ।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्तमात्रामा तातो खाने झोलिलो खानेकुराहरु खाऔँ ।
- चिसो मौसममा नेपाल सरकारले तोकेका स्वास्थ्य सुरक्षाका मापदण्डलाई अपनाऔँ ।
- बालबालिका, वृद्धवृद्धा, सुत्केरी, गर्भवती महिला तथा विरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राखौँ ।

- शीतलहर चलेको बेलामा घरेलु पशुपंछीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने गोठ अथवा टहरामै राखेर पर्याप्त घाँस, पराल र दाना दिऔं ।
- चिसोको कारण विरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्त उपचारको लागि जाऔं ।
- चिसोका कारण पशुपंछी विरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गरौं ।
- कोठा भित्र आगो बाली तातो पार्दा पर्याप्त भेण्टिलेशनको व्यवस्था मिलाऔं ।
- शीतलहरको प्रभाव न्यूनीकरण गर्न संघ, प्रदेश, स्थानीय तह तथा सरोकारवाला निकायहरुले उपलब्ध गराउने सहयोग/सूचनाको लागि सम्बन्धित निकाय वा स्थानीय रेडियो/पत्रपत्रिका एवम् सामाजिक संजाल हेर्नेगरौं ।

## अनुसूची-१ जिल्ला विपद् व्यवस्थापन समितिका पदाधिकारीहरुको विवरणः

| क्र. स. | कार्यालयको नाम | कार्यालय प्रमुखको नामथर | पद | सम्पर्क नं. |
|---|---|---|---|---|
| १. | जिल्ला प्रशासन कार्यालय बर्दिया | श्री नारायण प्रसाद रिसाल | प्र.जि.अ. | ९८५८०३७७७७ |
| २. | जिल्ला समन्वय समितिको कार्यालय बर्दिया | श्री सुर्य बहादुर बिष्ट | प्रमुख | ९८४१४८०५६८ |
| ३. | गुलरिया नगरपालिका | श्री मुक्ति नाथ यादव | नगर प्रमुख | ९८५८०२६२९५ |
| ४. | मधुवन नगरपालिका | श्री तेज बहादुर भाट | नगर प्रमुख | ९८५८०२११३५ |
| ५. | राजापुर नगरपालिका | श्री दिपेश थारु | नगर प्रमुख | ९८५८०२६२१० |
| ६. | ठाकुरबाबा नगरपालिका | श्री तिलक राम लम्साल | नगर प्रमुख | ९८५८०२७३८० |
| ७. | बारबर्दिया नगरपालिका | श्री छबिलाल थारु | नगर प्रमुख | ९८५८०८७८८० |
| ८. | बाँसगढी नगरपालिका | श्री खडक वहादुर् खड्का | नगर प्रमुख | ९८५८०८१३११ |
| ९. | बढैयाताल गाँउपालिका | श्री हिमालय त्रिपाठी | गा.पा. अध्यक्ष | ९८५८०२४७०३ |
| १०. | गेरुवा गाउँपालिका | श्री जमान सिं के.सी. | गा.पा. अध्यक्ष | ९८४८१५२०१५ |
| ११. | बर्दिया अस्पताल | डा. सुवास पाण्डेय | मे.सु. | ९८५८०३२१७७ |
| १२. | स्वास्थ्य कार्यालय बर्दिया | श्री गोकर्ण गिरी | व.ज.स्वा.प्र. | ९८५८०७००२७ |
| १३. | बर्दिया आयूवेद स्वास्थ्य केन्द्र | डा.कलावती विश्वकर्मा | आयूवेद चिकित्सक | ९८५८०३२०२२ |
| १४. | जिल्ला प्रहरी कार्यालय बर्दिया | श्री सुधिर राज शाही | प्रहरी उपरीक्षक | ९८५८०३५५५५ |
| १५. | सशस्त्र प्रहरी बल नेपाल नं. ३१ गण हे. क्वा.बर्दिया | श्री हर्क बहादुर शाही | स.प्र.उ. | ९८५१२७२११८ |
| १६. | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय | श्री नरेश बहादुर बम | उप.अनु. निर्देशक | ९८५८०३८६६६ |
| १७. | बज्रदल गण सुरक्षा गुल्म | श्री सुमित थापा मगर | सहसेनानी | ९८४८१५९९६८ |
| १८. | सडक पूर्वाधार विकास कार्यालय | श्री गोविन्द बहादुर महत्रा क्षेत्री | कार्यालय प्रमुख | ९८४८०३०८८३ |
| १९. | बबई सिचाई आयोजना | श्री सुशील चन्द्र देवकोटा | आयोजना निर्देशक | ९८५११३१०१७ |
| २०. | कर्णाली नदि व्यवस्थापन आयोजना | श्री नविन कुमार श्रेष्ठ | आयोजना निर्देशक | ९८५११७५७६० |
| २१. | जलश्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय | श्री कृष्णबहादुर बि.क. | का.प्र. | ९८५८०५५१७८ |
| २२. | बबई, भादा, औरही नदी व्यवस्थापन आयोजना | श्री शिवजी शाह | आयोजना प्रमुख | ९८५८०३०५६६ |
| २३. | राजापुर सिंचाई व्यवस्थापन कार्यालय | श्री केशव कुमार दास | कार्यालय प्रमुख | ९८५८०३१७३० |
| २४. | शहरी विकास तथा भवन निर्माण विभाग संघीय आयोजना कार्यान्वयन इकाई | श्री विजय केशर खनाल | आयोजना प्रमुख | ९८५८०२०२६४ |

| क्र. स. | कार्यालयको नाम | कार्यालय प्रमुखको नामथर | पद | सम्पर्क नं. |
|---|---|---|---|---|
| २५. | सडक डिभिजन नेपालगंज | श्री निरज शाक्य | डि.प्र. | ९८५८०६०६०८ |
| २६. | हुलाकी राजमार्ग निर्देशनालय, योजना कार्यालय | इ. लिलाबहादुर भण्डारी | योजना प्रमुख | ९८५८०४५५०४ |
| २७. | शहरी विकास तथा भवन कार्यालय | श्री आश्रय शाह | का.प्र. | ९८५८०३१०२७ |
| २८. | नेपाली कांग्रेस | अरुण प्रताप सिंह राठौर | अध्यक्ष | ९८५१०७४८१७ |
| २९. | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | लालबहादुर श्रेष्ठ | अध्यक्ष | ९८४४८१४९८४ |
| ३०. | नेपाल कम्युनिष्ट पार्टी (माओबादी केन्द्र) | भवनकुमार थारु | अध्यक्ष | ९८५८०२०९७१ |
| ३१. | नेपाल कम्युनिष्ट पार्टी एकीकृत समाजबादी | प्रेम पोखेल | अध्यक्ष | ९८५८०३३४१५ |
| ३२. | राष्ट्रिय स्वतन्त्र पार्टी | शान्ता बुढा क्षेत्री | संयोजक | ९८४८०८७३७१ |
| ३३. | राष्ट्रिय प्रजातन्त्र पार्टी | भिमबहादुर बोहरा | अध्यक्ष | ९८४८०३५६०९ |
| ३४. | जनता समाजबादी पार्टी नेपाल | मोहनलाल चौधरी | अध्यक्ष | ९८४८०२२९०६ |
| ३५. | लोकतान्त्रिक समाजबादी पार्टी नेपाल | सुरेश सुक्ला | अध्यक्ष | ९८४८०६६३२८ |
| ३६. | नागरिक उन्मुक्ति पार्टी | सोमइ थारु | अध्यक्ष | ९८६८१४१५६० |
| ३७. | जनमत पार्टी | राजेश कुमार यादव | अध्यक्ष | ९८५८०६६८६३ |
| ३८. | राष्ट्रिय जनमोर्चा पार्टी | युवराज ढकाल | अध्यक्ष | ९८४८०१२०६४ |
| ३९. | नेश्नलिष्ट पिपल्स पार्टी | नरेन्द्र कुमार कर्ण | सभापती | ९८६९९८५६६६ |
| ४०. | राप्रपा नेपाल | रईस अहमद शेष | अध्यक्ष | ९८४८०४३५४६ |
| ४१. | नेपाल रेडक्रस सोसाइटी बर्दिया | श्री कृष्णप्रसाद गौतम | सभापति | ९८५८०३२७४९ |
| ४२. | गै.स.स.महासंघ | श्री प्रिज्मा सिंह थारु | अध्यक्ष | ९८५८०२१४५७ |
| ४३. | नेपाल पत्रकार महासंघ | श्री यादव आचार्य | अध्यक्ष | ९८४८०२७५५४ |
| ४४. | उद्योग बाणिज्य संघ | श्री देवेन्द्र पाण्डे | अध्यक्ष | ९८५८०२३४५८ |

## अनुसूची-२ जिल्लामा संचालनमा रहेका एम्बुलेन्सहरुको विवरणः

| Ambulance Address | | | | Ambulance Driver Details | | Organization Details |
|---|---|---|---|---|---|---|
| **Province** | **District** | **Local Level** | **Ward** | **DriverName** | **Contact No** | **Organization Name** |
| Lumbini | Bardiya | Gulariya | 5 | Dayal Das Tharu | 9868141412 | Nepal Red Cross Society |
| | | | 6 | Shyam Prasad Chaudhary | 9848066312 | Bardiya Hospital |
| | | | 6 | Kiran Prasad Kurmi | 9819515546 | Bardiya Hospital |
| | | | 1 | Khidulal Chaudhary | 9848217391 | Khairapur HP |
| | | Madhuwan | 1 | Ramphal Tharu | 9864971480 | Suryapatuwa HP |
| | | | 3 | Ramesh Tharu | 9800510302 | Maya Sadan Clinic |
| | | | 6 | Basant Kumar Mahato | 9848200722 | Nepal Red Cross Society |
| | | | 6 | Ashok Tharu | 9868250925 | Nepal Red Cross Society |
| | | | 6 | Phiruwa Tharu | 9848083984 | Bagalamukhi Cooperative |
| | | | 7 | Bel Bahadur Chhetri | 9868960497 | Taratal HP |
| | | Rajapur | 2 | Chandra Bahadur Tharu | 9858027645 | Sahid Pratishthan Nayagaun |
| | | | 4 | Chandrika Lohati | 9868106980 | Rajapur PHC |
| | | | 4 | Sajjan Tharu Chaudhary | 9868021072 | Mansarobar Polyclinic |

| Ambulance Address | | | | Ambulance Driver Details | | Organization Details |
|---|---|---|---|---|---|---|
| **Province** | **District** | **Local Level** | **Ward** | **DriverName** | **Contact No** | **Organization Name** |
| | | | 6 | Dipulal Tharu | 9848067470 | Yunic Nepal |
| | | | 6 | Prabin Chaudhary | 9866641307 | Manpur Tapara HP |
| | | | 10 | Raj Kumar Chaudhary | 9868141413 | Nepal Red Cross Society |
| | | Geruwa | 3 | Amar Rokaya | 9840485304 | Geruwa RM |
| | | Thakurbaba | 1 | Bhiseram Tharu | 9848145066 | Neulapur HP |
| | | | 1 | Jayandra Thapa | 9848516855 | KP Polyclinic |
| | | | 8 | Kulram Tharu | 9869519100 | Thakurdwara HP |
| | | Barbardiya | 4 | Ansuman Tharu | 9869968910 | Padnaha HP |
| | | | 6 | Bishnu Narayan Tharu | 9848254082 | Nepal Red Cross Society |
| | | | 8 | Ashok KC | 9802525858 | Buddhabhumi Nepal |
| | | | 10 | Jangali Tharu | 9869966801 | Dhadhawar HP |
| | | Bansgadhi | 5 | Gopal Sharma | 9812417073 | Nagar Hospital Bansgadhi |
| | | | 3 | Jwala Prasad Upadhya | 9864345919 | Aichopaicho Agro Cooperative |
| | | Badhaiyatal | 3 | Amir Hasan Ansari | 9812597558 | Sorahawa PHC |

## अनुसूची-३ जिल्लामा संचालनमा रहेका शववाहनहरुको विवरणः

| Palika | Ward | HF | Driver | | Condition |
|---|---|---|---|---|---|
| | | | Name | Contact No | |
| Gulariya | 6 | Bardiya Hospital | Shyam Prasad Chaudhary | 9848066312 | Functional |
| | 6 | Gulariya mun | man bahadur surn | 9858031748 | Functional |

## अनुसूची-४ जिल्लास्थित स्थानीय तहका स्वास्थ्य शाखा प्रमुखहरुको विवरणः


| सि.नं. | स्थानीय तहको नाम | स्वास्थ्य शाखा प्रमुखको नाम | सम्पर्क नं. | ईमेल ठेगाना |
|---|---|---|---|---|
| १ | गुलरिया न.पा. | सुनिल कुमार पाण्डे | ९८४८०२४७०२ | healthsection.gulariya@gmail.com |
| २ | बारबर्दिया न.पा. | डिल्लीराज शर्मा | ९८४४८४१०५३ | health.barbardiya@gmail.com |
| ३ | राजापुर न.पा. | गणेश प्रसाद अर्याल | ९८४८०६५२९७ | aryalprajwal779@gmail.com |
| ४ | बाँसगढी न.पा. | महेश थारु | ९८४८०२२६०४ | bansgadhimunhealthunit@gmail.com |
| ५ | मधुवन न.पा. | गिता घिमिरे | ९८४४७५८८२२ | healthmadhuwan@gmail.com |
| ६ | ठाकुरबाबा न.पा. | ईन्द्र बहादुर राजवंशी | ९८५८०२५००२ | healthtbm@gmail.com |
| ७ | बढैयाताल गा.पा. | विष्णु पौडेल | ९८५८०२००७९ | paudelb14@gmail.com |
| ८ | गेरुवा गा.पा. | नारायण प्रसाद भण्डारी | ९८४८४४९१३४ | bhandarinarayan524@gmail.com |

## अनुसूची-५ जिल्लामा संचालनमा रहेका दमकलहरुको विवरणः

| सि.नं. | निकाय | कार्यालयको फोन न | चालकको नाम | मोबाइल न. |
|---|---|---|---|---|
| १. | गुलरिया नगरपालिका | ०८४-४२०४४४ | सरिफ अहमद जोलाह<br>इस्स्रत अलि पठान<br>प्रविन चौधरी | ९८१२४४४९३७<br>९८०२५४६९२८<br>९८४८०१३६७८ |
| २. | मधुवन नगरपालिका | ०८४-४४०१११ | राम बहादुर चौधरी | ९८४८२१९००२/<br>९८१४५०७७४० |
| ३. | राजापुर नगरपालिका | ०८४-४६०१११ | इन्द्र बहादुर चौधरी | ९८६८२३६८४४/<br>९८१४५७१७०७ |
| ४. | बाँसगढी नगरपालिका | ०८४-४००००२ | मनोज चौधरी | ९८६९७०५०६५/<br>९७४८७२९४४५/<br>९७४८७२९४४६ |

# अनुसूची-६ विपद् सम्बन्धी जानकारी दिने कार्यालयको लिङ्कहरु

| सि.नं. | कार्यालय | वेवसाइट | फेसबुक | ट्वइटर |
|---|---|---|---|---|
| १. | राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण | https://bipad.gov.np/np | https://www.facebook.com/NDRRMA | https://twitter.com/NDRRMA_Nepal |
| २. | जल तथा मौसम विज्ञान विभाग | http://hydrology.gov.np | https://www.facebook.com/FlowForecasting | https://twitter.com/DHM_FloodEWS |
| ३. | जिल्ला प्रशासन कार्यालय, बर्दिया | https://daobardiya.moha.gov.np | https://www.facebook.com/bardiyadao | https://twitter.com/d_bardiya |
| ४. | स्थानीय तहका वेवसाइट तथा फेसबुक पेजहरु | | | |


बर्दिया जिल्लाको सडक संजाल नक्सा
N
गेरुवा गाउँपालिका
राजापुर नगरपालिका
ठाकुरबाबा नगरपालिका
बर्दिया राष्ट्रिय निकुञ्ज
मधुवन नगरपालिका
बारबर्दिया नगरपालिका
बाँसगढी नगरपालिका
गुलरिया नगरपालिका
बढैयाताल गाउँपालिका
मुख्य सड्क
सहायक सड्क
0 4.5 9 18 Kilometers